


# लैङ्गिक समानता सुनिश्चित संविधान

## नयाँ संविधानमा महिला हक तथा लैङ्गिक र समावेशितासम्बन्धी राष्ट्रिय पैरवी

CCD Centre for Constitutional Dialogue संवैधानिक संवाद केन्द्र
National Network of Indigenous Women NNIW
NIWF
ACT
Women's Democratic Network
UNDP Nepal

प्रकाशक : यूएनडीपी

सम्पादन समुह : राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ (NIWF) :
राष्ट्रिय आदिवासी जनजाति महिला सञ्जाल (NNIW) :
रुपान्तरणका लागी महिला एकता (Women Act) :
महिला लोकतान्त्रिक सञ्जाल (WDN) :
नेपालमा सहभागीतामूलक संविधान निर्माण सहयोग परियोजना/यूएनडीपी (SPCBN/UNDP)

संस्करण : पहिलो संस्करण २०११

प्रकाशित प्रति : ५०००

आवरण : शक्ति पाल खड्का 'TrueBlood'

मुद्रण: क्रिएटिभ प्रेस

सर्वाधिकार : यूएनडीपी / चार महिला सञ्जाल

# लैङ्गिक समानता सुनिश्चित संविधान

## नयाँ संविधानमा महिला हक र लैङ्गिक समानतासम्बन्धी राष्ट्रिय पैरबी

लैङ्गिक र समावेशी दृष्टिकोणबाट संविधानसभाका ११ वटा विषयगत समितिहरूको प्रतिवेदनमाथि चार महिला सञ्जालद्वारा गरिएको समीक्षा

महिलाका मुद्दाहरू

## विषय-सूची

भूमिका

प्राक्कथन र कृतज्ञता

चार महिला सञ्जाल परिचय ........ १

गजल (कविता) ........ २

महिला हक ........ ३

मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति ........ ४

अल्पसङ्ख्यक तथा सीमान्तीकृत समुदायको अधिकार संरक्षण समिति ........ १४

सांस्कृतिक र सामाजिक ऐक्यबद्धताको आधार निर्धारण समिति ........ १६

न्याय प्रणालीसम्बन्धी समिति ........ १८

प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजस्व बाँडफाँड समिति ........ २२

संवैधानिक निकायको संरचना निर्धारण समिति ........ २६

व्यवस्थापिकीय अङ्गको स्वरुप निर्धारण समिति ........ ३२

राष्ट्रिय हितको संरक्षण समिति ........ ३६

संवैधानिक समिति ........ ४०

राज्यको शासकीय स्वरुप निर्धारण समिति ........ ४४

राज्यको पुनःसंरचना र राज्यका शक्तिको बाँडफाँड समिति ........ ४८

परिशिष्ट १: महिला सञ्जालको विवरण ........ ५१

परिशिष्ट २: परामर्श तथा विश्लेषण प्रक्रिया ........ ५४

## भूमिका

नेपालमा दश वर्ष लामो सशस्त्र द्वन्द्वपछि सन् २००८ मा सम्पन्न संविधानसभा निर्वाचन धेरै दृष्टिकोणबाट उल्लेखनीय छ। निर्वाचनमा ६० प्रतिशतभन्दा बढी मतदाताको सहभागिता रहेबाट नेपालका जनताका लागि यो कत्तिको महत्वपूर्ण थियो भन्ने कुरा प्रमाणित भएको छ। नेपालको इतिहासमै सर्वाधिक समावेशी रहेको यस निर्वाचनबाट ६०१ जना संविधानसभाका सदस्य निर्वाचित भएका छन् (विगतका संसद्मा २६५ जना सदस्य रहन्थे) भने नयाँ संविधानसभामा २५ वटा राजनैतिक दलको प्रतिनिधित्व रहेको छ। यसरी आफ्नो आवाजलाई प्रत्यक्ष रूपमा अभिव्यक्त गर्ने अवसर कहिल्यै नपाएका सीमान्तकृत समूहहरूका लागि पनि संविधानसभाको ढोका खुलेको छ। ३३ प्रतिशत सदस्यहरू देशका विभिन्न दल, समूह तथा विभिन्न स्थानका महिलाहरू भएबाट यो संविधानसभा विश्वमै सर्वाधिक लैङ्गिक प्रतिनिधित्व र समावेशी संविधानसभामध्ये एउटा हुनुका साथै नयाँ संविधान मसौदाका क्रममा आफ्ना आवाज तथा भनाइ प्रत्यक्ष रूपमा राख्ने अवसर महिलाहरूलाई उपलब्ध भएको छ।

सबै महिला सभासद्हरूसँग संसदीय र/वा संविधानको मसौदा लेखनसम्बन्धी पूर्व-अनुभव थिएन। उनीहरूले महत्वपूर्ण नियमहरू तथा प्रक्रियाहरू मात्र छिट्टै सिकेनन्, शताब्दीयौंदेखि जात, जाति, पितृसत्ता र/वा धर्मका कारण महिला तथा बालिकाहरूले सामना गर्न परिरहेका विभेद, बहिष्करण तथा असमानताहरूलाई कसरी सम्बोधन गर्न सकिन्छ भन्नेबारे निश्चित उपायहरू पनि आफूसँग ल्याएका थिए। महिला र बालिकाका मौलिक अधिकारहरू नयाँ संविधानमा स्पष्ट रूपमा सुरक्षित र सुनिश्चित गर्न अहिले संविधानसभाका १९७ जना महिला सभासद्हरू प्रतिबद्ध रहेका छन्।

नेपालको राजनैतिक प्रक्रियाबाट अपेक्षित रूपान्तरणकारी परिवर्तनले समुदायका साथै राजनैतिक प्रतिनिधित्व, सरकारी क्रियाकलाप तथा स्थानीय एवं राष्ट्रिय स्तरका निर्णय लिने निकायहरूमा महिला तथा बालिकाहरूलाई थप सशक्त बनाउने छ। देशको कुल जनसङ्ख्यामध्ये ५० प्रतिशतभन्दा बढी महिला भए पनि राजनैतिक प्रतिनिधित्व, निर्णय प्रक्रिया र आर्थिक सन्दर्भमा उनीहरूको प्रतिनिधित्व अझै पनि कमै रहेको छ।

नेपालमा सहभागितामूलक संविधान निर्माण परियोजना (एसपीसीबीएन) मार्फत नयाँ संविधान निर्माण प्रक्रिया र महिला सशक्तीकरण प्रक्रियामा निकै पहिलादेखि संलग्न हुन पाएकोमा संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (यूएनडीपी) र यसका साझेदारहरूले निकै गौरवान्वित भएको अनुभूति गरेका छन्। सुरुमा एसपीसीबीएनले 'संविधानसभा महिला ककस' र 'संविधानसभा आदिवासी जनजाति ककस' स्थापना गर्न सघाएको थियो। विभिन्न सहयोग उपलब्ध गराउने क्रममा यस परियोजनाले लैङ्गिक दृष्टिकोणबाट संविधानसभाका ११ वटै विषयगत समितिका प्रतिवेदनहरूसम्बन्धी विश्लेषण र छलफल सामूहिक रूपमा गर्न नागरिक समाज संस्थाहरूका महिलाहरू तथा महिला सभासद्हरूलाई भेला गराउने काममा पनि सघाएको थियो। यो कार्य ६४ जिल्लामा रहेका ५४ वटा महिला नागरिक समाज संस्थाहरू, चार वटा राष्ट्रिय महिला सञ्जालहरू र दश हजारभन्दा बढी महिलाहरूसँग काम गरिरहेका विभिन्न गैससहरूबीचको परामर्श प्रक्रियामार्फत गरिएको थियो। संविधानसभाको मसौदा प्रतिवेदनमा महिला अधिकार र लैङ्गिक मुद्दाहरूलाई कुन हदसम्म विचार गरिएको छ भन्ने कुराको लेखाजोखा गर्ने, छुटेका महत्वपूर्ण कुराहरू औंल्याउने र संविधानसभाको संवैधानिक समितिबाट ध्यान दिइएको अवस्थामा सबै नेपालीका लागि थप समावेशी र निष्पक्ष संविधान सुनिश्चित गर्नसक्ने संशोधनहरूबारे सुझाव प्रस्तुत गर्ने उद्देश्यसहित उक्त अभ्यास गरिएको थियो।

यो पुस्तिका पैरवीको एउटा साधन हो र यसमा महिलाका सरोकारहरूलाई सङ्क्षेपीकृत गरिएको छ र संविधानसभाको संवैधानिक समितिबाट कार्यान्वयन हुनुपर्ने विशेष प्रस्तावहरू प्रस्तुत गरिएको छ। यसमा विभिन्न दृष्टिकोण समेटिनुका अतिरिक्त नेपाली महिलाको उद्गम, जातीयता, शैक्षिक पृष्ठभूमि र उमेरको विविधतालाई पनि ध्यानमा राखिएको छ। राजनीतिमा महिलाको देखिने खालको महत्वपूर्ण र रूपान्तरणकारी भूमिका र वैधतामा वृद्धि गर्ने उद्देश्य पनि यस पुस्तिकाले लिएको छ।

नेपालमा लैङ्गिक विभेदलाई सम्बोधन गर्ने काम सकिएको छैन। लैङ्गिक विभेदसम्बन्धी मुद्दाहरूसम्बन्धी जानकारी महिलालाई नभएको होइन तर बढी समावेशी र कम विभेदपूर्ण नेपाल निर्माण गर्नका लागि चेतना विकास गर्न तथा बृहद् प्रतिबद्धता सिर्जना गर्नका लागि नागरिक समाज, संविधानसभा र/वा राजनैतिक दलहरूका साथै देशका सबै नागरिकहरूबीच आफ्ना विचार तथा दृष्टिकोणहरूलाई प्रस्तुत गर्ने कार्य पनि महिलाले गर्नुपर्दछ।

यो रूपान्तरण सम्भव बनाउनका लागि सक्दो प्रयास गर्ने तथा गरिरहेका महिला सभासद् तथा नागरिक समाजका संस्थाका सदस्यहरूसहित नेपालका सम्पूर्ण महिला वर्गप्रति म कृतज्ञता व्यक्त गर्न चाहान्छु।

नेपालको ऐतिहासिक र महत्वपूर्ण यस घडीमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई अपरिवर्तनीय तथा उल्लेख्य रूपमा सुदृढ पार्ने महत्वपूर्ण कार्यमा यो पुस्तिकाले सहयोग गर्नेछ भन्ने अपेक्षा म गर्दछु।



एन इसाबेल डेग्रिस-ब्लाट्यु
**यूएनडीपी देशीय निर्देशक**

# प्राक्कथन र कृतज्ञता

संविधान निर्माण प्रक्रियामा ऐतिहासिक रूपमा सीमान्तकृत समूह, महिला, दलित, जनजाति र मधेशीहरूको उचित प्रतिनिधित्व तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने कार्य संविधानसभाका सदस्यहरू, राजनीतिक दल वा नागरिक समाजका प्रतिनिधिहरूका लागि संविधान निर्माण प्रक्रिया सहज काम होइन । निष्पक्ष समाजको कानुनी संरचना तयार गर्न ठूलो सहास, इच्छाशक्ति र सबैको राम्रो गर्न तटस्थतायुक्त धैर्यको आवश्यकता पर्दछ ।

विगतका संविधानहरू जनताका आकाङ्क्षा परिपूर्ति गर्न असफल भएकाले संविधान निर्माणमा जनसहभागिता अत्यन्त महत्वपूर्ण पक्ष बनेको छ । संविधानसभाको गठनभन्दा निकै अघिदेखि नै यो प्रक्रिया सुरू भयो । केन्द्रीकृत शासन व्यवस्थाप्रतिको निराशा, महिला र अन्य सीमान्तकृत समूहहरूलाई यथोचित अधिकार प्रदान गर्न गरिएको अस्वीकार र विगतमा सीमान्तीकरणमा परेका समाजका विभिन्न क्षेत्रहरूको व्यापक समावेशीकरणको मागको फलस्वरूप संविधानसभामार्फत नयाँ संविधान निर्माणको माग भएको हो ।

संविधानसभाको गठन हुनुभन्दा धेरै अघिदेखि नै महिलाले उनीहरूका आवाज सुनाउन सङ्घर्ष गरे । यसै कारण महिलाहरूले राजनीतिक सहभागिताको अधिकार प्राप्त गरे किनभने २०६२ चैतमा भएको जनआन्दोलनको क्रममा नै उनीहरूले समानताको टड्कारो आवश्यकता रहेको कुरा व्यक्त गरिसकेका थिए । शान्ति स्थापना भएपछि उनीहरूको भूमिका परिवर्तन भयो र अहिले उनीहरूका अधिकार नयाँ संविधानमा सुनिश्चित गराउनमा सङ्घर्ष केन्द्रित भएको छ । महिलाहरूले नागरिक समाज संस्थाहरू, प्राज्ञिक वर्ग र गैरसरकारी संस्थाहरूमार्फत सहजीकरण गर्दै तथा नयाँ संविधानमा महिलासँग सम्बन्धित विषयहरू सबल रूपमा प्रस्तुत गर्न चालिएका धेरै प्रयत्नहरूलाई एकधारमा ल्याउँदै उनीहरूको अवस्था, आवश्यकता र अधिकारहरूको विश्लेषण गर्न थाले ।

यो प्रयत्नमा चारवटा महिला नागरिक सञ्जालहरू आबद्ध भए । तिनीहरूमा राष्ट्रिय आदिवासी जनजाति महिला सञ्जाल (NNIW), आदिवासी जनजाति राष्ट्रिय महिला महासंघ (NIWF)ले आदिवासी महिला सञ्जालका रूपमा, राजनीतिक दलहरूका महिला सदस्यहरूको प्रजातान्त्रिक महिला सञ्जाल (WDN), र महिला उद्यमी, पत्रकार, वन रक्षक र अधिकारकर्मीहरूका साथै घरेलु हिंसा र महिला बेचबिखनविरोधी, अपाङ्गतासम्बन्धी अधिकार तथा दलित महिला अधिकारकर्मीहरू लगायत ३४ वटा संघसंस्थाहरूको छाता संगठनका रूपमा रूपान्तरणका लागि महिला एकता (Women Act), थिए ।

धारागत विश्लेषण र परामर्शका लागि नौ महिनाभन्दा बढी समय लाग्यो । महिलाहरूका आधारभूत कुराको विशिष्टता र रणनीतिक आवश्यकतालाई ख्याल गरेर विश्लेषण गर्ने काम आदिवासी महिला संस्थाहरूबीच सुरू भयो । तीनवटा कार्य-सत्रहरूपछि सहमतिका आधारमा मसौदा तर्जुमा भयो । त्यसपछि, महिला राजनीतिकर्मीहरूको सञ्जाल डीडब्ल्यूएनले आफ्ना तर्फबाट योगदान पुऱ्यायो ।  त्यसैगरी, विभिन्न मञ्चहरूमा महिला अधिकारका कुरा उठाउँदै आएको अनुभव बोकेको अर्को सञ्जाल वुमन एक्टले पनि यसमा काम गऱ्यो । सहभागीहरूमध्ये धेरैमा सन् १९७० ताकादेखि नै महिला आन्दोलनमा काम गरेको पृष्ठभूमि थियो ।

त्यसपछि, यसरी विभिन्न सहभागीहरूबाट आएका विचारहरूलाई एकत्रित पारी छलफल गर्ने उद्देश्यले जाति, धर्म, पेसा, भाषा, जातीयता, र राजनीतिक दृष्टिकोणसमेतका सन्दर्भमा "अन्य महिला"हरूको विचार तथा तिनका परिकल्पना बुझ्न र तिनका छोरीहरूका लागि विरासतको लेखाजोखा गर्नका लागि दोस्रो चरणको काम गरिएको थियो ।

अन्ततः, सातवटा कार्यशालाको आयोजना गरेपछि महिलाहरूले संयुक्त रूपमा महिला अधिकार तथा लैङ्गिक मुद्दाबारे संशोधनका लागि १०८ बुँदाहरू तयार गर्नुका अतिरिक्त संविधानसभाका विषयगत समितिका प्रतिवेदनहरूमा धेरै परिवर्तन गर्न सुझाएका छन् । त्यसका अतिरिक्त उनीहरूले प्रतिवेदनमा छुटेका कतिपय महत्वपूर्ण विषयहरू थपेका छन् ।

यस पुस्तिकामा महिला प्रतिनिधिहरूले विभिन्न संस्थागत तथा सामूहिक छलफलमा हासिल गरेका अनुभवका तथा उनीहरुको आवश्यकताको व्यावहारिक ज्ञानका आधारमा प्रत्येक प्रस्तावित परिवर्तनका निम्ति औचित्य समावेश गरिएको छ । यसले सहकार्यको एक महत्वपूर्ण प्रयासलाई प्रतिनिधित्व गर्नुका अतिरिक्त विविध दृष्टिकोणलाई सम्मिश्रण गरी देशका निम्ति एउटा नयाँ लक्ष्य निर्धारण गरेको छ । यस विश्लेषणबाट उनीहरूले महिलाका मुद्दाहरू तय गरेका छन् । जसअनुसार संविधानबाट उनीहरूका सबैभन्दा महत्वपूर्ण तथा सम्झौता गर्न नसकिने अधिकारहरू सम्बोधन भई अल्पकालीन तथा मध्यकालीन रूपमा कार्यान्वयन गरिनुपर्ने हुन्छ ।

यी दुई लिखतहरूका साथ महिलाहरूले व्यक्तिगत, संस्थागत र सामूहिक गरी तीन तहमा विकसित गरिने पैरवी कार्यक्रमसम्बन्धी शृङ्खलाहरूको योजना पनि बनाएका छन् । यो संविधानमा उनीहरूका अधिकार सुनिश्चित गर्नमात्र नभई नेपालको महिला आन्दोलनमा बल पनि पुगोस् भन्नका खातिर हो ।

संविधानमा महिला अधिकारहरू लेखिएको पाउनका लागि उनीहरूद्वारा प्रदर्शित शक्ति तथा धैर्य मैले देखेकी छु । अब उनीहरूले त्यही धैर्य देखाउँदै सम्बन्धित निकायसमक्ष आफ्ना मुद्दाबारे आवाज उठाउनुपर्दछ । यसबाहेक उनीहरूले संविधानसभाका अन्य महिला तथा पुरूषहरूका अतिरिक्त राजनीतिज्ञ, सरकारी, प्राज्ञिक तथा निजी क्षेत्रका व्यक्तिहरूसँग साहकार्य गरी समतामूलक समाज निर्माणमा अगाडि बढ्न पर्ने हुन्छ । मलाई विश्वास छ, यो लक्ष्य हासिल नभएसम्म उनीहरूले विश्राम लिने छैनन् ।

नेपालमा महिला अधिकारसम्बन्धी सङ्घर्ष लामो समयदेखि चल्दैआएको छ, र यो सजिलै हासिल हुन नसक्ने कुरा चुनौतीको रूपमा रहनेछ । सामाजिक तथा सांस्कृतिक क्षेत्रमा समानता ल्याउन व्यवहार तथा दृष्टिकोणमा परिवर्तन आउन जरूरी हुन्छ, तर महिलाका निम्ति यी कुरा कहिले सहज रहे र ?

घरेलु जिम्मेवारीलाई समेत पन्छाएर यस प्रक्रियामा स्वेच्छाले धेरैपटक सहभागी बनेका सबै सहभागीहरूप्रति म संस्थागत तथा व्यक्तिगत दुवै रूपमा धन्यवाद व्यक्त गर्न चाहान्छु । आदिवासी जनजाति महिलाहरूको सहभागिता सम्भव बनाउन तथा आफ्ना दृष्टिकोण अन्य महिलाहरूमा पुऱ्याउने कार्यमा सहजीकरण गर्नुभएकोमा म यशोकान्ति भट्टचन, चन्द्रकला गुरूङ, सुनी लामा र लक्की शेर्पाप्रति  विषेश रूपमा आभार व्यक्त गर्न चाहान्छु । त्यसैगरी, यस्ता पहलका निम्ति सहयोग पुऱ्याई प्रेरणायी भूमिका निर्वाह गर्नुभएकोमा म सिर्जना अधिकारीलाई धन्यवाद ज्ञापन गर्न चाहन्छु । साथै, राजनीतिक तथा महिला हकसम्बन्धी आफ्नो अनुभवद्वारा अन्य महिलाका आकाङ्क्षाप्रति महिला राजनीतिज्ञहरूलाई नजिक ल्याउने कार्यमा सहयोग पुऱ्याउनुभएकोमा उर्मिला अर्यालप्रति पनि म कृतज्ञता व्यक्त गर्न चाहान्छु ।

सबै छलफललाई महत्वपूर्ण रूपबाट अनुगमन तथा सहयोग प्रदान गर्नुका अतिरिक्त विषयवस्तुलाई कानुनी ढाँचामा लेख्न र सम्पादन गर्न कानुनी मार्गदर्शन प्रदान गर्नुभएकोमा म लिगल एड एण्ड कन्सलटेटिभ सेन्टर (LACC),की पुण्यशीला दवाडी घिमिरेलाई विशेष रूपमा धन्यवाद व्यक्त गर्न चाहान्छु । धेरै कार्यशाला तथा बैठकहरू आयोजना गर्न तथा प्रतिवेदनको मसौदा तयार गर्न सहयोग पुऱ्याएकोमा अञ्जु झा र सिर्जना सुब्बालाई पनि धन्यवाद दिन चाहान्छु ।

महिलाद्वारा थालिएको प्रयत्नप्रति बलियो सहयोग प्रदान गरेकोमा यूएनडीपीका तर्फबाट म यूएनडीपीका देशीय निर्देशक एन इसाबेल र त्यारी तमानप्रति कृतज्ञता प्रकट गर्न चाहन्छु ।

क्याटलिना मिहोटेक
**लैङ्गिक र सामाजिक समावेशीकरण सल्लाहकार**

महिलाका सवालहरुमा काम गर्ने विभिन्न सञ्जालहरुले तयार गरेका मस्यौदा धेरै थरीका भएका कारण व्यवस्थित र सबैका साझा विचारलाई एकै ठाउमा ल्याउन सकेमा प्रभावकारी पनि हुने र सभासदहरुलाई पनि बुझ्न र संविधानमा उक्त प्रावधानहरु राख्न सजिलो बनाउने उद्देश्यले यूएनडीपीले यी प्रमुख चारवटा सञ्जालहरु राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ (NIWF), राष्ट्रिय आदिवासी जनजाति महिला सञ्जाल (NNIW), रुपान्तरणका लागि महिला एकता (Women Act) र प्रजातान्त्रिक महिला सञ्जाल (WDN) लाई एकै ठाउँमा ल्याई विभिन्न ११ वटा समितिहरुले तयार पारेको मसौदामा के के व्यवस्था हुनु पर्छ , त्यहाँ भएको व्यवस्था ठिक छ कि छैन भनेर विभिन्न चरणमा छलफल गरायो ।

## चार महिला सञ्जाल परिचय

### १. रुपान्तरणका लागी महिला एकता (Women Act) :

यो ३६ वटा विभिन्न महिला र मानव अधिकारका क्षेत्रमा काम गर्ने संस्थाहरू, व्यक्तिहरू मिलेर देशमा शान्ति र समानता कायम गर्न बनेको सञ्जाल हो । देशको रूपान्तरणका लागि महिलाहरूलाई एकताबद्ध बनाउने लक्ष्यका साथ स्थापित यस संस्थाले महिलासँग सम्बन्धित मुद्दाहरूमा काम गर्दछ । संविधानसभामा महिलाको आवाजलाई पुऱ्याउने लक्ष्यका साथ समानुपातिक समावेशी हिसावले महिलाका मुद्धाहरू पुऱ्याउनका लागि र अब बन्ने संविधान समानता र समता कायम भएको हुनुपर्छ भनेर यसले काम गरिरहेको छ । रूपान्तरणका लागि महिला एकता काठमाडौं र विराटनगर गरेर दुई ठाउँबाट कार्यरत छ ।

### २. राष्ट्रिय आदिवासी जनजाति महिला सञ्जाल (National Network of Indigenous Women-NNIW) :

राष्ट्रिय आदिवासी जनजाति महिला सञ्जालको स्थापना वि.सं. २०६१ (सन् २००५) सालमा भएको हो । आदिवासी जनजाति महिलाको पहुँच र अधिकारलाई सुनिश्चित गर्न स्थापित यस सञ्जालले सीमान्तकृत, लोपोन्मूख, पछाडि पारिएका वर्ग, लिङ्ग, क्षेत्रका पक्षबाट राज्यको हरेक संयन्त्र, तह, अङ्ग, निकायमा खबरदारी र जनपैरबी गर्दै आइरहेको छ । यो सञ्जाल स्थानीय तहदेखि क्षेत्र, केन्द्र र अन्तर्राष्ट्रिय तहसम्म आदिवासी जनजातिका अधिकार स्थापना गर्नका लागि ऐक्यबद्धता र समर्थन जुटाउने, सञ्जालको सुदृढीकरण गर्ने र विकास गर्ने कार्यमा सक्रिय रहेको छ ।

आदिवासी जनजाति महिलाको स्रोत र साधन माथिको नियन्त्रण, पहुँच र निर्णायक तहमा आदिवासी जनजाति महिलाको स्थानलाई सुरक्षित गर्न नयाँ संविधानमा सम्बोधन गर्न लगाउन निरन्तर रूपमा जुटी रहेको छ । नेपाल सरकार पक्ष भएर हस्ताक्षर गरेका संयुक्त राष्ट्रसंघीय घोषणाहरू, सन्धि, महासन्धि, सम्झौता आदि कार्यान्वयन गराउन, र नीति नियम, योजना बनाउनका लागिसमेत सरकारलाई खबरदारी गर्ने, जनचेतना फैलाउने र जनसंगठन बनाउने जस्ता कार्यहरू गरी यसले देशका पाँच विकास क्षेत्रमा आफ्नो कार्य क्षेत्रको विस्तार गरेको छ । विशेष गरी नयाँ संविधानमा आदिवासी जनजाति महिला र समग्र आदिवासी जनजातिको अधिकार सुनिश्चित गर्न आदिवासी जनजातिसम्बन्धी संयुक्त राष्ट्रसंघको घोषणापत्र र अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासन्धि नं १६९ ले दिएको अधिकारहरू समावेश गराउनमा पनि यो सञ्जाल प्रतिवद्ध र क्रियशील रहेको छ ।

### ३. राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ (National Indigenous Women's Federation-NIWF) :

राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ आदिवासी जनजाति महिलाहरूको अधिकारमा काम गर्ने संस्थाहरूको छाता संगठन हो । यसको स्थापना सन् १९९९ मा भएको हो । हाल यसमा ३१ वटा जातीय संगठनको आवद्धता रहेको छ । यसको मुख्य उद्देश्य जनजाति महिलाको अधिकारको रक्षा गर्नु, पहिचान स्थापित गर्नु तथा भाषा, धर्म र आत्मनिर्णयको अधिकार सुनिश्चित गर्नु हो ।

### महिला लोकतान्त्रिक सञ्जाल (Women's Democratic Network) :

महिला लोकतान्त्रिक सञ्जाल (Women's Democratic Network) को स्थापना सन् २००६ मा भएको हो । यो सञ्जालको स्थापना विभिन्न राजनीतिक दलहरूमा आवद्ध महिला नेतृहरूको सहकार्यमा भएको हो । यस सञ्जालको मुख्य उद्देश्य महिला तथा उत्पीडित वर्गको राजनीतिक दल तथा राज्य संयन्त्रका हरेक पक्षहरूमा अर्थपूर्ण सहभागिता, समावेशीकरण र सशक्तीकरणको अभिवृद्धि गर्ने अभियानहरू सञ्चालन गर्नु हो । यस सञ्जालले आफ्नो उद्देश्य प्राप्तिका लागि महिला तथा-संवद्ध पक्षहरूको नेतृत्व विकास गर्ने, जनवकालत गर्ने र सोका लागि आवश्यक पर्ने अनुसन्धानात्मक कार्यहरू गर्दछ । यस सञ्जालअन्तर्गत राष्ट्रिय स्तरमा एक र जिल्ला स्तरमा ५४ वटा जिल्ला सञ्जालहरू कार्यरत रहेका छन् । अन्य जिल्लाहरूमा समेत सञ्जाल थप हुने क्रममा रहेका छन् । यस सञ्जालले राजनीतिक दलहरूले स्वीकृत गरेको दीर्घकालीन रणनीतिक कार्ययोजना, संवैधानिक व्यवस्थाहरू र अन्तर्राष्ट्रिय महासन्धिहरूले व्यवस्था गरेमुताविक महिला तथा पिछडिएका वर्गहरूको हकहितका लागि कार्य गरिरहेको छ ।

# गजल

सबैलाई समान हक लेख्ने बेला आएको छ
प्रतिगामी आँधीहुरी छेक्ने बेला आएको छ

जुका किर्नो, उपियाँले चुस्दै लुस्दै पाऱ्या घाउ
सार्वभौम अधिकारले सेक्ने बेला आएको छ

मुलुकमा मौलाएर जरा गाड्या सामन्तवाद
जरैसित उखालेर फेक्ने बेला आएको छ

युगौदेखि हुत्तिइरह्यौं हावा भऱ्या भकुण्डो झैं
अब आफ्नै धरातलमा टेक्ने बेला आएको छ

हिमाल झुक्छ नदी सुक्छ जनता जागेपछि
जनताको त्यही शक्ति देख्ने बेला आएको छ

- सुमित्रा वाङ्देल 'चेली'
दमक-११, झापा

# महिला हक

१. महिला र पुरुषको समान वंशजको अधिकार हुनुपर्छ ।

२. पैतृक सम्पत्तिमा महिला पुरुषको समान अधिकार र विवाहितको हकमा अचल सम्पत्तिमा दम्पतीको समान अधिकार हुनुपर्छ ।

३. राज्यले विशेष गरी विपन्न र पिछडिएका महिलाहरुका लागि स्थानीय, क्षेत्रीय र राज्य तहबाटै १५% बजेट छुट्याउनु पर्छ ।

४. सबैलाई निःशुल्क र अनिवार्य शिक्षाको व्यवस्था हुनुपर्छ ।

५. महिलालाई सशक्त बनाउनका लागि निःशुल्क माध्यमिक शिक्षा र सीप विकास तालिमको व्यवस्था गर्नुपर्छ ।

६. राज्यले समाजलाई निःशुल्क स्वास्थ्य सुविधा र निःशुल्क औषधिको व्यवस्था गर्ने जिम्मेवारी लिनुपर्छ ।

७. सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी सेवा स्वास्थ चौकीसम्म पुऱ्याउने जिम्मेवारी राज्यले लिनुपर्छ ।

८. स्रोत र साधनमा महिलाको स्वामित्व, नियन्त्रण र उपभोगमा महिलाको समान अधिकार सुनिश्चित हुनुपर्छ ।

९. महिलाहरुको पहिचान र विविधतालाई स्वीकार गर्दै हरेक राज्यको हरेक तह, अङ्ग, संरचना र निकायमा ५० प्रतिशत सहभागिता/प्रतिनिधित्व सुनिश्चित हुनुपर्छ ।

१०. राजनैतिक दलको हरेक तहका संरचना र संगठनहरुमा समावेशी र समानुपातिक महिला प्रतिनिधित्वको सुनिश्चितता भएको पार्टीले मात्र राष्ट्रिय पार्टीको मान्यता पाउने व्यवस्था हुनुपर्छ ।

११. महिला तथा बालबालिकाविरुद्ध हुने सबै खालका हिंसा, यौनजन्य दुर्व्यवहार, विभेद (जातीय, आर्थिक, समाजिक विभेद) भेदभावलाई अपराधको रुपमा परिभाषितगरी दण्डनीय बनाइनु पर्छ र त्यसको अन्त्यका लागि राज्यले अविलम्ब देशव्यापी अभियान सञ्चालन गर्नुपर्छ ।

१२. नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरु अविलम्ब कार्यन्वयन गर्नुपर्छ र त्यसमा विषेश गरेर महिलासँग सम्बन्धित सन्धि सम्झौताहरुलाई प्राथमिकता दिइनु पर्छ ।

१३. प्रथाको नाममा रहेका बोक्सी, बालविवाह, अनमेल विवाह, दाइजो प्रथा, छाउपडी, देउकी, वादी, कम्लहरीजस्ता प्रथाहरु राज्यले यथाशीघ्र अन्त्य गर्नुपर्छ ।

१४. महिलाको घरायसी कामको आर्थिक मूल्याङ्कन गरी राष्ट्रिय उत्पादनमा गणना गरी राज्यले पेन्सनको व्यवस्था गर्नुपर्छ ।

१५. एकल तथा अपाङ्गता भएका महिलाहरुका लागि राज्यले आर्थिक तथा समाजिक सुरक्षा प्रदान गर्नुपर्छ ।

१६. महिलालाई आफूले बुझ्ने मातृभाषा र स्थानीय भाषामा सूचना पाउने हक हुनेछ ।

# १

## मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति
## (Committee on Fundamental Rights and Directive Principles)



## मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति

## (Committee on Fundamental Rights and Directive Principles)

| क्र.स. | विषय | प्रस्तावित व्यवस्था | सुझाव/हुनुपर्ने | कारण |
|---|---|---|---|---|
| | | **नागरिकता सम्बन्धी मस्यौदा** | | |
| ३. | वंशजको आधारमा नागरिकता | वंशजको आधारमा नागरिकता :<br>(१) नेपालमा स्थायी बसोवास भएको देहायको व्यक्तिलाई वंशजको आधारमा नेपालको नागरिकता प्रदान गरिनेछ - | वंशजको आधारमा नागरिकता<br>(१) नेपालमा स्थायी बसोवास भएको देहायको व्यक्तिलाई वंशजको आधारमा नेपालको नागरिकता प्रदान गरिनेछ - | हाम्रो समाजमा विद्यमान लिङ्ग, जात, जाति, वर्ण, भाषा, जन्म, धर्म वा आस्था, क्षेत्र, सामाजिक वा आर्थिक हैसियत वा अन्य कुनै पनि कुरामा आधारित सबै प्रकारका असमानताको अन्त्य गर्न |
| | | (क) कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको आमा र बाबु नेपाली नागरिक रहेछ भने त्यस्तो व्यक्ति, | (क) कुनै व्यक्ति जन्म हुँदाका बखत निजको आमा र बाबु**मध्ये एक** नेपाली नागरिक रहेछ भने त्यस्तो व्यक्ति, | आमा र बाबुमध्ये एक जना नेपाली नागरिक भएको आधारमा उनीहरुको छोरा, छोरीले नेपाली नागरिकता प्राप्त गर्न सकून भनेर । |
| | | (ख) विदेशी नागरिकसँग विवाह भएका नेपाली नागरिकबाट नेपालमा जन्म भई नेपालमा नै स्थायी बसोवास गरेको र आमा वा बाबुको नागरिकताको आधारमा विदेशी मुलुकको नागरिकता प्राप्त नगरेको व्यक्तिले नागरिकता प्राप्त गर्दाका बखत निजका आमा र बाबु दुवै नेपाली नागरिक रहेछन् भने त्यस्तो व्यक्ति । | (ख) विदेशी नागरिकसँग विवाह भएका नेपाली नागरिकबाट नेपालमा जन्म भई नेपालमा नै स्थायी बसोवास गरेको र आमा वा बाबुको नागरिकताको आधारमा विदेशी मुलुकको नागरिकता प्राप्त नगरेको व्यक्तिले नागरिकता प्राप्त गर्दाका बखत निजका **आमा वा बुवामध्ये एक** नेपाली नागरिक रहेछन् भने त्यस्तो व्यक्ति । | महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि, १९७९ को धारा ३ ले पक्ष राष्ट्रहरूले महिलाको पूर्ण विकास र प्रवर्धनका लागि उपयुक्त कदमहरू चाल्नुपर्ने, धारा ५ ले परम्परामा आधारित लैङ्गिक रूपमा पूर्वाग्रही भूमिका तथा धारणाहरूमा परिवर्तन ल्याउनुपर्ने व्यवस्था गरेको छ ।<br><br>महिलाको राष्ट्रियतासम्बन्धी मोन्टेभिडो महासन्धि, १९३३ का अनुसार पक्ष राष्ट्रहरूका कानुन र अभ्यासमा नागरिकताका सन्दर्भमा लिङ्गमा आधारित विभेद हुने छैन । |

| | | | | |
|---|---|---|---|---|
| | | | | राष्ट्रियतासम्बन्धी मोन्टेभिडो महासन्धि, १९३३ का अनुसार विवाह वा सम्बन्धविच्छेदले श्रीमान वा श्रीमती वा उनीहरूका छोराछोरीको राष्ट्रियतामाथि प्रभाव पार्ने छैन । |
| ४ | अङ्गीकृत नागरिकतासम्बन्धी व्यवस्था | अङ्गीकृत नागरिकतासम्बन्धी व्यवस्था:-<br>(१) यो संविधान प्रारम्भ भएपछि नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएका विदेशीले चाहेमा नेपालमा कानुनी रूपमा पन्ध्र वर्ष बसोबास गरेको र विदेशी मुलुकको नागरिकता त्याग गरेपछि प्रचलित कानुन बमोजिम अङ्गीकृत नेपाली नागरिकता प्राप्त गर्न सक्नेछ ।<br>तर यो संविधान प्रारम्भ हुनुभन्दा अगावै नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम भएका विदेशी महिलाले नेपाली नागरिकताको प्रमाणपत्र लिन चाहेमा विदेशी मुलुकको नागरिकता त्याग्ने कारवाही चलाएपछि अङ्गीकृत नेपाली नागरिकता प्राप्त गर्न सक्नेछ ।* | १) यो संविधान प्रारम्भ भएपछि नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम भएको विदेशी नागरिकले नेपाललाई नै वैवाहिक वासस्थान छनोट गरी आफ्नो देशको नागरिकता त्याग गरेमा कानुनमा व्यवस्था गरे बमोजिम अङ्गीकृत नागरिकता प्राप्त गर्न सक्नेछ ।<br>तर यो संविधान प्रारम्भ हुनुभन्दा अगावै नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम भएका विदेशी महिलाले नेपाली नागरिकताको प्रमाणपत्र लिन चाहेमा विदेशी मुलुकको नागरिकता त्याग्ने कारवाही चलाएपछि अङ्गीकृत नेपाली नागरिकता प्राप्त गर्न सक्नेछ ।* | नेपाली नागरिकता प्राप्त गर्नका लागि १५ वर्षसम्म पर्खनुपर्ने व्यवस्था अत्यन्त अनुपयुक्त छ । १५ वर्षसम्म बसोबास गरेको भन्ने वाक्यांश हटाइनुपर्ने र अर्को देशको नागरिकता त्याग गर्ने प्रक्रिया बढाइनासाथ नेपाली नागरिकता दिने प्रक्रिया अगाडि बढाइनुपर्ने । १५ वर्षसम्म कसैलाई पनि राज्यविहीन अवस्थामा राख्न नमिल्ने । |
| | | (२) नेपाली नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान नभएको व्यक्तिले प्रचलित कानुनबमोजिम अङ्गीकृत नागरिकता प्राप्त गर्नसक्नेछ । | २) नेपाली नागरिक आमाबाट जन्मिएको र बाबुको पहिचान नभएको व्यक्तिले प्रचलित कानुनबमोजिम वंशजका आधारमा नागरिकता प्राप्त गर्नसक्नेछ । | नेपाली आमाबाट कुनै पनि देशमा जन्मिएको तर बाबुको ठेगान नभएको व्यक्तिलाई राज्यविहीन अवस्थामा राख्न नमिल्ने । |
| | | (३) विदेशी नागरिकसँग विवाह भएका नेपाली नागरिकबाट नेपालमा जन्म भई नेपालमा नै स्थायी बसोवास गरेको र आमा वा बाबुको नागरिकताको आधारमा विदेशी मुलुकको नागरिकता प्राप्त नगरेको व्यक्तिले प्रचलित कानुनबमोजिम नेपालको अङ्गीकृत नागरिकता प्राप्त गर्नसक्नेछ | ३ ) विदेशी नागरिकसँग विवाह भएका नेपाली नागरिकबाट जन्मिएका र नेपालमा नै स्थायी बसोवास गरेको र आमा वा बाबुको नागरिकताका आधारमा विदेशी मुलुकको नागरिकता प्राप्त नगरेको व्यक्तिले प्रचलित कानुनबमोजिम नेपालको वंशजको नागरिकता प्राप्त गर्नसक्नेछ । | महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलनसम्बन्धी महासन्धि, १९७९ को धारा ९ ले राष्ट्रियता प्राप्त गर्ने, परिबर्तन गर्ने, धारण गर्ने, प्रदान गर्ने समान अधिकार हुनुपर्ने अधिकारलाई प्रत्याभूति गरेको छ । |

## मौलिक हकसम्बन्धी मस्यौदा

| | | | | |
|---|---|---|---|---|
| १. | सम्मानपूर्वक बाँच्न पाउने हक | सम्मानपूर्वक बाँच्न पाउने हक : -<br>१) प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ । | सम्मानपूर्वक बाँच्न पाउने हक : -<br>१) प्रत्येक व्यक्ति तथा समुदायलाई पहिचानसहित सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ । कसैको जीवनमाथि स्वेच्छाचारीपूर्वक अतिक्रमण गर्न पाइने छैन । कुनै पनि व्यक्ति तथा समुदायलाई उनको मानवीय मर्यादा कुण्ठित हुने किसिमको अपमानजनक व्यबहार गर्न पाइने छैन । | नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अनुबन्ध, १९६६, यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहारवा सजायविरुद्धको महासन्धि, १९७५, आर्थिक, सामाजिक, तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तरराष्ट्रिय अनुबन्ध, मानव अधिकार घोषणापत्र, संयुक्त राष्ट्रसङ्घको आदिवासी जनजातिसम्बन्धी घोषणापत्र जस्ता अन्तर्राष्ट्रिय कानुनी दस्तावेजहरूमा व्यक्ति तथा समुदायको सम्मानपूर्वक बाँच्न पाउने अधिकारलाई प्रत्याभूति गरिएको । |
| ३ | समानताको हक | समानताको हक :<br>(१) सबै नागरिक कानुनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानुनको समान संरक्षण र लाभबाट बञ्चित गरिने छैन ।<br>तर आर्थिक, सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, जनजाति, मधेशी, किसान, मजदुर, उत्पीडित क्षेत्र, मुस्लिम, पिछडिएका वर्ग, अल्पसङ्ख्यक, सीमान्तीकृत, लोपोन्मुख समुदाय वा विपन्न वर्ग, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, अशक्त वा असहाय नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानुनद्वारा विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन ।* | समानताको हक :<br>(१) सबै नागरिक कानुनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानुनको समान संरक्षण र लाभबाट बञ्चित गरिने छैन ।<br>तर आर्थिक, सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका (जातीय विविधतासहितको महिला ) उत्पीडित (आदीवासी, जनजाति, मधेशी, मुस्लिम) सीमान्तकृत, अल्पसङ्ख्यक, दलित र अपाङ्गता, लोपोन्मुख र भौगोलिक विषमता भएका महिला ।<br>दलित, आदिवासी, जनजाति, मधेशी, किसान, मजदुर, उत्पीडित क्षेत्र, मुस्लिम, पिछडा वर्ग, अल्पसङ्ख्यक, सीमान्तीकृत, लोपोन्मुख समुदाय वा विपन्न वर्ग, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, अशक्त वा असहाय नागरिकको संरक्षण, सशक्तीकरण वा विकास तथा सारभूत समानता कायम गर्नका लागि कानुनद्वारा विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन ।* | महिलाभित्रको विविधतालाई स्वीकार्दै विभिन्न वर्ग, क्षेत्र, वर्ण, धर्म तथा जातिका महिलाको उल्लेख गरिएको<br>विकासमा पनि समानताको आवश्यकता भएको हुँदा । |
| | | (४) समान कामका लागि लैङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव गरिने छैन । | ४) समान काम तथा समान महत्वका काममा लैङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव गरिने छैन । | समान कामको समेत महत्व हुनुपर्ने कुरा उल्लेख गरिएको |

| | | | | |
|---|---|---|---|---|
| १० | सम्पत्तिसम्बन्धी हक | सम्पत्तिसम्बन्धी हक :<br>(१) प्रत्येक नागरिकलाई प्रचलित कानुनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने, व्यावसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिका अन्य कारोवार गर्ने हक हुनेछ ।<br>(२) प्रगतिशील करको मान्यता अनुरूप राज्यले व्यक्तिको सम्पत्तिमा आवश्यकता अनुसार कर लगाउन सक्नेछ ।<br>(३) सार्वजनिक हितका लागि बाहेक राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण गर्ने, प्राप्त गर्ने वा त्यस्तो सम्पत्ति उपर अरु कुनै प्रकारले कुनै अधिकारको सिर्जना गर्ने छैन ।<br>(४) वैज्ञानिक भूमिसुधारको प्रयोजनका लागि भूमिहीन किसान तथा सुकुम्बासीहरूलाई वितरण गर्ने जमीन अधिग्रहण गर्दा वा उपधारा (३) बमोजिम सार्वजनिक हितका लागि राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्दा वा त्यस्तो सम्पत्ति उपर कुनै अधिकार सिर्जना गर्दा कानुन बमोजिम क्षतिपूर्ति दिइनेछ । क्षतिपूर्तिको आधार र कार्यप्रणाली कानुनद्वारा निर्धारण गरिए बमोजिम हुनेछ ।<br>(५) भूमिको उत्पादन र उत्पादकत्व वृद्धि गर्न, कृषिको आधुनिकीकरण र व्यावसायिकरण, वातावरण संरक्षण, व्यवस्थित आवास तथा शहरी विकास गर्न राज्यले कानुन बनाई भूमिको नियमन र व्यवस्थापन गर्नसक्नेछ । | थप्नु पर्ने<br>१) श्रीमान् वा श्रीमतीको अनुपस्थितिमा एक अर्काले अनावश्यक रूपमा बेचबिखन गरी परिवार विखण्डन हुने प्रवृत्ति रोकी बच्चाहरूको भविष्यको लागि अचल सम्पत्तिमा दम्पत्तिको समान स्वामित्व हुनेछ ।<br>संगोलको सम्पति बेचबिखन गर्दा पति-पत्नी दुवैको सहमति आवश्यक रहने । | श्रीमान् वा श्रीमती वैदेशिक रोजगारीमा गएको बेलामा भएको सम्पत्ति एक अर्काले अनावश्यक रूपमा बेचबिखन गरी परिवार र बच्चाको भविष्य अँध्यारोमा धकेल्ने हुनाले अचल सम्पत्तिमा दम्पत्तिको समान स्वामित्त हुन आवश्यक देखिएको |
| १२ | सूचनाको हक | सूचनाको हक :<br>प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारका कुनै पनि विषयको सूचना माग्ने र प्राप्त गर्ने हक हुनेछ ।<br>तर कानुनद्वारा गोप्य राखिनुपर्ने सूचनाको जानकारी | सूचनाको हक :<br>मातृभाषी समुदाय तथा समुदायका सदस्यलाई मातृभाषामा आफ्नो वा सार्वजनिक सरोकारका कुनै पनि विषयको सूचना माग्ने र प्राप्त गर्ने हक हुनेछ । | नेपालमा ९२ भाषालाई मातृभाषाका रूपमा प्रयोग गर्ने समुदायहरू छन् । ती समुदायले आफूले बोल्ने गरेको भाषामा सूचना नपाउने हुँदा उनीहरूले राज्यबाट पाउने सेवा तथा सुविधाबाट वञ्चित हुनुपरेको छ । राज्यबाट प्राप्त हुने सेवा तथा सुविधामा मातृभाषी समुदायको पहुँच |

| | | | | |
|---|---|---|---|---|
| | | दिन कसैलाई कर लगाएको मानिने छैन । | तर कानुनद्वारा गोप्य राखिनुपर्ने सूचनाको जानकारी दिन कसैलाई कर लगाएको मानिने छैन । | बढाउनका लागि यो मातृभाषामा सूचनाको हक आवश्यक छ । |
| १४ | शोषणविरुद्धको हक | ४) कसैलाई पनि निजको इच्छाविरुद्ध काममा लगाउन पाइने छैन ।<br><br>तर यस उपधारामा उल्लेखित व्यवस्थाले सार्वजनिक प्रयोजनका लागि नागरिकलाई अनिवार्य सेवामा लगाउन सकिने गरी कानुन बनाउन रोक लगाएको मानिने छैन । | ४) कसैलाई पनि बाध्यात्मक श्रममा, जबरजस्ती, रोग आदिका कारणले जान नसक्ने व्यक्तिको हकमा निजको इच्छाविरुद्ध काममा लगाउन पाइने छैन ।<br><br>तर यस उपधारामा उल्लेखित व्यवस्थाले सार्वजनिक प्रयोजनका लागि नागरिकलाई अनिवार्य सेवामा लगाउन सकिने गरी कानुन बनाउन रोक लगाएको मानिने छैन । | इच्छा विपरीत मात्र नभएर कसैलाई जबरजस्ती, बाध्य गराएर, रोग लागेको व्यक्तिलाई आवश्यक उपचार गरी स्वस्थ नभएसम्म काममा लगाउन पाइने छैन । यस्तो गर्नु मानव अधिकार विपरीत हो ।<br><br>प्रत्येक व्यक्तिलाई मर्यादित र सम्मानपूर्ण जीवनयापन गर्न पाउने अवस्थाको प्रत्याभूति गर्दै देहव्यापार, मानव अङ्ग तस्करीलगायत जुनसुकै प्रयोजनका लागि मानिसलाई बेचबिखन गर्न, दास वा बाँधा बनाउन नपाइने हक सुनिश्चित गर्न तथा त्यस्तो कार्यलाई कानुन बमोजिम दण्डनीय बनाउन र त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई राज्यबाट उचित क्षतिपूर्ति पाउने व्यवस्था गर्न यस्तो प्रकारको व्यवस्था गरिएको छ । |
| १६ | शिक्षासम्बन्धी हक : | शिक्षासम्बन्धी हक :<br><br>उपधारा (२) : प्राथमिक शिक्षा अनिवार्य र निःशुल्क हुनेछ । प्रत्येक नागरिकलाई माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने हक हुनेछ ।<br><br>उपधारा (४) : नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई मातृभाषामा शिक्षा प्रदान गर्ने गरी विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ । | उपधारा (२) : उच्च शिक्षा अनिवार्य र निःशुल्क हुनेछ । प्रत्येक नागरिकलाई माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने हक हुनेछ ।<br><br>उपधारा (४) : नेपालमा बसोबास गर्ने प्रत्येक मातृभाषी समुदायलाई मातृभाषामा शिक्षा प्रदान गर्ने गरी विद्यालय तथा शैक्षिक संस्था खोल्न र सञ्चालन गर्न राज्य अनुदानको हक हुनेछ । | मातृभाषीहरूको मातृभाषामा शिक्षा पाउने अधिकारको प्रत्याभूति गरिएको र मातृभाषामा शिक्षा दिलाउनु राज्यको जिम्मेवारी भएको हुँदा |
| १७ | भाषा तथा संस्कृतिसम्बन्धी हक | १) प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोग गर्ने हक हुनेछ । | आदिवासी जनजाति, मधेशी, मुस्लिम र अन्य व्यक्ति र समुदायलाई आफ्नो मातृभाषा प्रयोग गर्ने हक हुनेछ । | आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अनुबन्ध, वर्ण वि: द गर्ने महासन्धि, महासन्धि अन्तरराष्ट्रिय श्रम : ठनको महासन्धि, १६९ र आदिवासी जन .तिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्रले दिएको अधिकार |

| | | | | |
|---|---|---|---|---|
| १८ | रोजगारीसम्बन्धी हक | (२) प्रत्येक नागरिकलाई रोजगारी छनोट गर्न पाउने हक हुनेछ । | (२) प्रत्येक नागरिकलाई रोजगारी छनोट गर्न पाउने हकका साथै प्रत्येक व्यक्ति तथा समुदायलाई आफ्नो परम्परागत, ज्ञान, सीप तथा रोजगारीको संरक्षण, संवर्धनको हक हुनेछ ।<br><br>थप्नु पर्ने<br><br>(३) महिलाहरूको राजनीतिक, आर्थिक , सामाजिक, सांस्कृतिक, सशक्तीकरणद्वारा सक्षम नागरिक बनाउनु राज्यको दायित्व हुनेछ ।<br><br>(४) घरायसी कामको आर्थिक मुल्याङ्कन गरी राष्ट्रिय आयमा समावेश गर्ने तथा ५८ वर्षको उमेरदेखि राज्यले निवृत्तभरणको व्यवस्था गर्नुपर्नेछ । (निर्देशक शिद्धान्तमा रहने) | नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अनुबन्ध; आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अनुबन्ध; वर्ण विभेदसम्बन्धी महासन्धि; महिलाहरूमाथि हुने सबै प्रकारका भेदभाव अन्त्यसम्बन्धी महासन्धि; अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासन्धि, १६९ र आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्रले दिएको अधिकार अनुरूप आफ्नो रोजगारी छनोट गर्ने मात्र नभएर लोप भएर जाने अवस्थामा रहेका परम्परागत रोजगारीको संरक्षण, संवर्धन गर्ने हक व्यक्ति वा समूदायलाई हुनेछ । त्यस्ता परम्परागत रोजगारीले देश विकासमा पनि महत्वपूर्ण भूमिका निर्वाह गर्नसक्नेछ ।<br><br>महिलाहरूलाई आर्थिक रूपमा पुरुषप्रति निर्भर प्राणीका रूपमा हेरिन्छ तर उनीहरू आफै पनि आर्थिक रूपले सक्षम हुनसक्छन् र त्यसका लागि आवश्यक वातावरण राज्यले बनाउनुपर्छ ।<br><br>महिलाहरूको घरायसी कामको मूल्याङ्कन नभएका कारण उनीहरू आर्थिक रूपले असम र परनिर्भर देखिए, त्यसैले राष्ट्रिय आयमा उनीहरूको योगदान देखाई उनीहरूको योगदानको कदर गर्न । |
| १९ | श्रमसम्बन्धी हक : | श्रमसम्बन्धी हक :<br><br>१)प्रत्येक श्रमिकलाई उचित श्रम अभ्यासको हक हुनेछ ।<br><br>२)प्रत्येक श्रमिकलाई उचित पारिश्रमिक, सुविधा तथा सामाजिक सुरक्षाको हक हुनेछ ।<br><br>(३) प्रत्येक श्रमिकलाई ट्रेड युनियन खोल्ने, त्यसमा सहभागी हुने तथा कानूनमा व्यवस्था भए बमोजिम सामुहिक सौदाबाजी गर्ने र हडताल गर्न पाउने हक हुनेछ । | उपधारा (४) थप्ने : कुनै पनि उद्योग धन्दा, कलकारखानामा न्यूनतम एक तिहाई महिला कामदारहरूलाइ रोजगारी पाउने हक हुनेछ । यसो नभएमा सम्बन्धित सरकारी निकायबाट इजाजतपत्र दिइने छैन । (सकारात्मक व्यवस्थामा रहनु उपयुक्त) | महिलाको रोजगारीमा समानता ल्याउन, उनीहरूको आर्थिक क्षमता बढाउनका लागि महिलाका लागि विषेश कोटा संरक्षण गरिएको । |

| | | | | |
|---|---|---|---|---|
| २० | स्वास्थ्यसम्बन्धी हक : | स्वास्थ्यसम्बन्धी हक :<br>उपधारा (४) : प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुनेछ । | स्वास्थ्यसम्बन्धी हक:<br>उपधारा (४) : प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान र निःशुल्क पहुँचको हक हुनेछ र यसको सुनिश्चितता राज्यले गर्नुपर्नेछ ।<br>उपधारा (६) नं. थप गर्ने<br>आदिवासी जनजातिहरूलाई परम्परागत ज्ञान सीप, स्वास्थ्य संस्था र औषधी अभ्यासको हक हुनेछ । | स्वास्थ्य सेवामा नागरीकको पहुँच सर्व सुलभ बनाउनको लागी ।<br>अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासन्धि, १६९ र आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्रले दिएको अधिकार अनुरूप आदिवासी जनजातिहरूको परम्परात स्वास्थ्य संस्था र औषधी अभ्यास गर्ने अधिकार राख्दछन् । |
| २१ | खाद्यसम्बन्धी हक | (३) प्रत्येक नागरिकलाई कानुन बमोजिम खाद्य सम्प्रभुताको हक हुनेछ । | प्रत्येक नागरिकलाई खाद्य सम्प्रभुताको हक हुनेछ, साथै खाद्य संरक्षणका लागि अवलम्बन गरिने प्रथाजनित उपायहरूको पेटेन्टको (स्वत्व) हक हुनेछ र स्थानीय प्रजातिका खाद्यान्न उत्पादनमा लगानी गर्नु राज्यको दायित्व हुनेछ । | आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्रले आदिवासी ज्ञानको संरक्षण गर्ने अधिकार र जैविक विविधतासम्बन्धी महासन्धिले आदिवासी तथा स्थानीय समुदायको प्रथाजनिक उपायहरूको संरक्षण, संवर्धन र उपभोग गर्ने अधिकार प्रदान गर्ने भएकोले । |
| २२ | आवाससम्बन्धी हक | (१) प्रत्येक नागरिकलाई उपयुक्त आवासमा पहुँचको हक हुनेछ । | १) प्रत्येक व्यक्ति तथा समूहलाई उपयुक्त आवासको हक हुनेछ । | महिला, आदिवासी जनजाति, मुस्लिम, मधेशी तथा दलित समुदायलाई दोस्रो नागरिकको दर्जामा राखिएको ऐतिहासिक कारण र नागरिकता उनीहरूको प्रमुख मुद्दा भएको कारण नागरिकको सट्टा व्यक्ति तथा समुदाय राखिएको। |
| २३ | महिलासम्बन्धी हक : | महिलासम्बन्धी हक :<br>(५) राज्य संयन्त्रका सबै निकायमा महिलाको समावेशी आधारमा समानुपातिक सहभागिताको हक हुनेछ ।<br>(६) प्रत्येक महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ । | (५) राज्य संयन्त्रका सबै निकायमा महिलाको पहिचानसहितको पूर्ण समावेशी आधारमा समानुपातिक सहभागिताको हक हुनेछ ।<br>निम्नलिखित हकहरू थप्ने :<br>• महिलाविरुद्धका सबै प्रकारका प्रथा तथा अभ्यासविरुद्धको हक<br>• जातीय, क्षेत्रीय र भाषिक विभेद विरुद्धको हक<br>• बालविवाह, बहुविवाह, जबरजस्ती विवाहविरुद्धको हक | महिलामाथि हुने सबै प्रकारका भेदभाव अन्त्य गर्ने महासन्धि, वर्ण भेदभाव गर्ने महासन्धि, अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासन्धि, १६९ र आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त राष्ट्र सङ्घीय घोषणापत्रले दिएको अधिकारलाई समावेश गर्न कतिपय प्रथा परम्पराले महिलालाई विभेद गरेको छ तसर्थ उक्त विभेदयुक्त परम्परालाई हटाउनका लागि यसो गर्नु जरुरी हुन्छ । |

| | | | | |
|---|---|---|---|---|
| | | | • समान रूपमा नागरिकता प्राप्त गर्ने, परिवर्तन गर्ने तथा त्याग गर्ने हक<br>• उत्पीडित (आदिवासी, जनजाती, मधेशी, मुस्लिम), सीमान्तीकृत, अल्पसङ्ख्यक, दलित र अपाङ्गता, लोपोन्मुख र भौगोलिक विषमता भएका महिलाको आत्मसम्मान र पहिचानको हक हुनेछ र राज्यबाट संरक्षित हुनेछ । | |
| २४ | बालबालिका-सम्बन्धी हक | (२) प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा व्यक्तित्व विकासको हक हुनेछ ।<br>(४) प्रत्येक बालबालिकालाई मातृभाषामा शिक्षा पाउने हक हुनेछ<br>५)कुनै पनि बालबालिकालाई सेना प्रहरी वा सशस्त्र द्वन्द्व वा समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनको नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक वा यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन । | (२) प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन, संस्कृतिमा सहभागी हुने तथा व्यक्तित्व विकासको हकको सुनिश्चितता हुनेछ ।<br>(४) प्रत्येक बालबालिकालाई निःशुल्क र अनिवार्य माध्यमिक तहसम्म शिक्षा पाउने हक हुनेछ । साथै मातृभाषामा शिक्षा पाउने र परम्परागत शैक्षिक संस्थाबाट शिक्षा आर्जनको निमित्त राज्यबाट साधन स्रोत प्राप्त गर्ने हक हुनेछ ।<br>५) कुनै पनि बालबालिकालाई सेना प्रहरी वा सशस्त्र द्वन्द्व वा समूहमा भर्ना वा प्रयोग गर्न पाइने छैन र प्रयोग भएमा दण्डनीय हुनेछ तथा सांस्कृतिक वा धार्मिक प्रचलनको नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक वा मानसिक वा यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन । बालबालिकालाई दास तथा निकृष्ट काममा लगाइने छैन । | नेपालको विविध सांस्कृतिक परम्परा र धरोहरलाई बचाइराख्ने काम भनेको भोलिका युवाको हो । भोलिका युवा भनेको आजका बालबालिका हुन् । आफ्नो संस्कृतिबारे जानकारी प्राप्त गर्ने, त्यसबारे बुझ्न र त्यसलाई अगाडि बढाउन काममा बबालबालिकालाई सहभागी गराउनुपर्दछ । सांस्कृतिक कार्यक्रममा सहभागी भई आफ्नो समुदायसँग नजिक हुने अधिकार बालबालिका राख्दछन् ।<br>आदिवासी जनजातिसम्बन्धी संयुक्त राष्ट्र सङ्घीय घोषणापत्र तथा अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासन्धि, १६९ मा परम्परागत शैक्षिक संस्थाको मान्यता प्राप्त भएका कारण र हजारौं वर्षदेखि आदिवासी जनजातिका साथसाथै अन्य समुदायहरूले पनि त्यस्ता परम्परागत शैक्षिक संस्थाहरूबाट शिक्षा लिनेदिने गरिरहेका कारण त्यसलाई पनि औपचारिक शिक्षाको रूपमा मान्यता दिनुपर्ने ।<br>कुनै पनि बालबालिबालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गरेर वा राजनैतिक प्रयोजनका लागि वा सशस्त्र द्वन्द्वमा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनको नाममा कुनै प्रकारको दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकार वा माध्यमले बालबालिकालाई यातना र दुर्व्यवहार शोषण वा अनुचित प्रयोगविरुद्ध हक सुनिश्चित गर्न र बालबालिकालाई दास बनाउने कार्यलाई प्रतिबन्ध लगाउन यो व्यवस्था गरिएको छ । |
| २७ | सामाजिक न्यायको हक | १) सामाजिक रूपले पछाडि परेका महिला, दलित, मधेशी, आदिवासी, जनजाति, अल्पसङ्ख्यक तथा सीमान्तीकृत, मुस्लिम, लैङ्गिक तथा यौनिक | १) सामाजिक रूपले पछाडि परेका उत्पीडित भौगोलिक, धार्मिक, जातीय, सांस्कृतिक विविधता सहितका महिला, दलित, मधेशी, आदिवासी, जनजाति, | सामाजिक, आर्थिक तथा राजनैतिक रूपले पछाडि पारिएका समुदायलाई अगाडि ल्याई समतामूलक समाज निर्माणका लागि । |

| | | | | |
|---|---|---|---|---|
| | | अल्पसङ्ख्यक समुदाय, अपाङ्गता भएका व्यक्ति, युवा, पिछडिएका वर्ग, किसान र मजदुर वर्ग तथा उत्पीडित क्षेत्रलाई समानुपातिक र समावेशी सिद्धान्तका आधारमा राज्यको संरचना तथा सार्वजनिक सेवामा सहभागिताको हक हुनेछ । | अल्पसङ्ख्यक तथा सीमान्तीकृत, मुस्लिम, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदाय, अपाङ्गता भएका व्यक्ति, युवा, पिछडिएका वर्ग, किसान र मजदुर वर्ग तथा उत्पीडित क्षेत्रलाई समानुपातिक र समावेशी सिद्धान्तका आधारमा राज्यको संरचना तथा सार्वजनिक सेवामा सहभागिताको हक हुनेछ । | |
| | | (५) आदिवासी जनजातिलाई आफ्नो पहिचानसहित भाषा तथा संस्कृतिको संरक्षण, संवर्धन र विकास गर्ने तथा सशक्तीकरण र विकासका लागि प्राथमिकताका साथ विशेष अवसर तथा लाभ प्राप्त गर्ने हक हुनेछ । | (५) महिलाभित्रको विविधता तथा उत्पीडनमा रहेकाहरूको आफ्नो पहिचानसहित भाषा तथा संस्कृतिको संरक्षण, संवर्धन र विकास गर्ने तथा सशक्तीकरण र विकासका लागि प्राथमिकताका साथ विशेष अवसर तथा लाभ प्राप्त गर्ने हक हुनेछ । | महिलाभित्रको विविधतालाई पहिचान गर्नुपर्ने /अन्तर्राष्ट्रिय सन्धि तथा महासन्धिमा उल्लेखित अधिकारहरूको प्रत्याभूति गरिएको । |
| २८ | सामाजिक सुरक्षासम्बन्धी हक | सामाजिक सुरक्षासम्बन्धी हक : विपन्न वर्ग, अशक्त, असहाय, असहाय अवस्थामा रहेका एकल महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, ज्येष्ठ नागरिक, आफ्नो हेरचाह आफैं गर्न नसक्ने व्यक्ति तथा लोपोन्मुख जातिका नागरिकलाई कानुनमा व्यवस्था भए बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ । | सामाजिक सुरक्षासम्बन्धी हक : विपन्न वर्ग, अशक्त, असहाय, असहाय अवस्थामा रहेका एकल महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, ज्येष्ठ नागरिक, आफ्नो हेरचाह आफैं गर्न नसक्ने व्यक्ति तथा लोपोन्मुख जातिका नागरिक तथा समुदायलाई विना भेदभाव सामाजिक सुरक्षाको हक हुनेछ । | नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अनुबन्ध; आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अनुबन्ध, वर्ण विभेदसम्बन्धी महासन्धि, महिलाहरूमाथि हुने सबै प्रकारका भेदभाव अन्त्यसम्बन्धी महासन्धि, अन्तरराष्ट्रिय श्रम सङ्गठनको महासन्धि १६९ र आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्रले दिएको अधिकार अनुरूप नागरिक तथा आदिवासी जनजातिको सामूहिक अधिकारहरुको सुनिश्चितता गर्न । |
| ३१ | मौलिक हकको कार्यान्वयन र संवैधानिक उपचारको हक | मौलिक हकको कार्यान्वयन र संवैधानिक उपचारको हक :<br>(१) यस भागद्वारा प्रदत्त शिक्षासम्बन्धी हक, स्वास्थ्यसम्बन्धी हक, रोजगारीसम्बन्धी हक, आवाससम्बन्धी हक, खाद्यसम्बन्धी हक, सामाजिक न्यायसम्बन्धी हक र सामाजिक सुरक्षाको हकको कार्यान्वयनका लागि राज्यले उपयुक्त व्यवस्था गर्नेछ । | मौलिक हकको कार्यान्वयन र संवैधानिक उपचारको हक :<br>(१) यस भागद्वारा प्रदत्त महिला सम्बन्धी हक, श्रमसम्बन्धी हक, शिक्षासम्बन्धी हक, स्वास्थ्य सम्बन्धी हक, रोजगारी सम्बन्धी हक, आवास सम्बन्धी हक, खाद्य सम्बन्धी हक, सामाजिक न्याय सम्बन्धी हक र सामाजिक सुरक्षाको हकको कार्यान्वयनका लागि राज्यले उपयुक्त व्यवस्था गर्नेछ । | महिलाहरूमाथि हुने सबै प्रकारका भेदभाव अन्त्यसम्बन्धी महासन्धि अनुरूप महिलाको श्रमसम्बन्धी हक, अन्तरराष्ट्रिय श्रम सङ्गठनको समान कामका लागि समान ज्यालासम्बन्धी महासन्धिलगायत अन्य सन्धि संझौताहरू । |
| | | (२) यस भागद्वारा प्रदत्त हकहरूको कार्यान्वयनका लागि आवश्यकता अनुसार राज्यले दुई वर्षभित्र कानुनी व्यवस्था गर्नेछ । | २) प्रभावकारी न्यायिक उपचारको हक स्थापित हुने गरी यो व्यवस्थालाई संसोधन गरिनुपर्ने । | संविधानमा लेखिएका अधिकारहरूलाई प्रभावका न्यायिक उपचार पाउने कुरा संविधानमै उल्लेख हुन जरुरी छ । |

# २

## अल्पसङ्ख्यक तथा सीमान्तकृत समुदायको अधिकार संरक्षण समिति

## (Committee for the Protection of the Rights of Minorities and Marginalized Communities)



# अल्पसङ्ख्यक तथा सीमान्तकृत समुदायको अधिकार संरक्षण समिति

## (Committee for the Protection of the Rights of Minorities and Marginalized Communities)

| विषय | प्रस्तावित व्यवस्था | सुझाव/हुनुपर्ने | कारण |
|---|---|---|---|
| प्रस्तावना | 'अल्पसङ्ख्यक, सीमान्तीकृत तथा पछाडि पारिएका वा बहिष्करणमा पारिएका समुदायको अधिकारको पूर्ण प्रत्याभूतिसहित राज्य व्यवस्थाका हरेक तह र निकायमा सबै वर्ग, जाति, आदिवासी, जनजाति, दलित, तराईवासी, मधेशी, मुस्लिम, अपाङ्ग, धर्म, भाषा, वर्ण, लिङ्ग, वर्ग र क्षेत्रका व्यक्तिहरूको पूर्ण समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्ने न्यायपूर्ण समावेशी राज्य निर्माणबाट मात्र लोकतन्त्र, कानुनी राज्य, दीर्घकालीन शान्ति, स्थिरता र विकास सम्भव हुन्छ भन्ने कुरालाई स्वीकार गर्दै ......' | • 'अल्पसङ्ख्यक, सीमान्तीकृत तथा पछाडि पारिएका वा बहिष्करणमा पारिएका महिला, समुदायको अधिकारको पूर्ण प्रत्याभूतिसहित राज्य व्यवस्थाका हरेक तह र निकायमा सबै वर्ग, जाति, आदिवासी, जनजाति, दलित, तराईवासी, मधेशी, मुस्लिम, अपाङ्ग, धर्म, भाषा, वर्ण, लिङ्ग, वर्ग र क्षेत्रका व्यक्तिहरूको पूर्ण समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्ने न्यायपूर्ण समावेशी राज्य निर्माणबाट मात्र लोकतन्त्र, कानुनी राज्य, दीर्घकालीन शान्ति, स्थिरता र विकास सम्भव हुन्छ भन्ने कुरालाई स्वीकार गर्दै ......'<br>• बहिष्करणमा पारिएका जाति तथा वर्गका महिलाहरूको समानुपातिक समावेशी प्रतिनिधित्व, अधिकार तथा पहुँच सुनिश्चित गर्ने । | विविधतासहित महिलाको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गराउनका लागि |
| राष्ट्रको परिभाषा | नेपाल एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक, समानता, स्वतन्त्रता र न्यायमा आधारित ............ जातीय विभेद र छुवाछुतमुक्त भाषिक र धार्मिक भेदभावरहित .... सङ्घीय, लोकतान्त्रिक गणतन्त्रात्मक, धर्मनिरपेक्ष, पूर्ण समानुपातिकतासहित समावेशी राज्य हो । | नेपाल एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक, समानता, स्वतन्त्रता र न्यायमा आधारित लैङ्गिक, जातीय विभेद र छुवाछुतमुक्त भाषिक र धार्मिक भेदभावरहित .... सङ्घीय, लोकतान्त्रिक गणतन्त्रात्मक, धर्मनिरपेक्ष, पूर्ण समानुपातिकतासहित समावेशी राज्य हो । | लैङ्गिक विभेदलाई अन्त्य गर्ने कुरालाई राष्ट्रको परिभाषाभित्र पारिनुपर्ने, नयाँ नेपाल लैङ्गिक विभेदरहित नेपाल भएको प ेकल्पना गरिएको । |
| सांस्कृतिक तथा शिक्षासम्बन्धी हक | २. प्रत्येक नागरिकलाई उच्च तहसम्मको निःशुल्क शिक्षा प्राप्त गर्ने हक हुनेछ । | २) प्रत्येक व्यक्ति तथा समूहलाई उच्च तहसम्मको निःशुल्क शिक्षा प्राप्त गर्ने हक हुनेछ । | महिला, आदिवासी जनजाति, मुस्लिम, मधेशी तथा दलित समुदायलाई दोस्रो नागरिकको दर्जामा राखिएको ऐतिहासिक त्तारण र नागरिकता उनीहरूको प्रमुख मुद्दा भएको कारण नागरिकको सट्टा व्यक्ति तथा समुदाय राखिएको । |

## सामाजिक र सांस्कृतिक ऐक्यबद्धताको आधार निर्धारण समिति

(Committee for Determining the Basis for Social and Cultural Solidarity)

| विषय | प्रस्तावित व्यवस्था | सुझाव/हुनुपर्ने | कारण |
|---|---|---|---|
| मातृभाषामा शिक्षा | २. शिक्षासम्बन्धी हक :<br>(१) प्रत्येक समुदायलाई आफ्नो मातृभाषामा आधारभूत शिक्षा पाउने हक हुनेछ ।<br>(२) उपधारा (१) को प्रचलन कानुनद्वारा<br>निर्धारण भए बमोजिम हुनेछ । | २. शिक्षासम्बन्धी हक :<br>(१) प्रत्येक समुदाय, आदिवासी जनजाति, मधेशीलाई आफ्नो मातृभाषामा आधारभूत शिक्षा पाउने हक हुनेछ ।<br>(२) उपधारा (१) को प्रचलन कानुनद्धारा<br>निर्धारण भए बमोजिम हुनेछ । | मातृभाषीहरूलाई आफ्नो भाषामा शिक्षा लिन पाउने अधिकारलाई स्थापित गरिएको । |
| संस्कृति, भाषा तथा लिपिको संरक्षण सम्वर्धन र विकास | २) प्रत्येक समुदायलाई आफ्नो भाषा तथा लिपिको संरक्षण, संवर्धन, प्रयोग र विकास गर्ने हक हुनेछ । | (२) प्रत्येक आदिवासी जनजाति, मधेशीलाई आफ्नो भाषा तथा लिपिको संरक्षण, संवर्धन, प्रयोग र विकास गर्ने हक हुनेछ। राज्यबाट यसको निमित्त साधन स्रोत प्राप्त गर्ने उनीहरूलाई हक हुनेछ । | मातृभाषीहरूलाई आफ्नो भाषामा शिक्षा लिन पाउने अधिकारलाई स्थापित गरिएको । |
| आदिवासी जनजातिको हक<br>पहिचान तथा सम्मान | ४.आदिवासी जनजातिको हक : प्राकृतिक स्रोत र साधनमा रहेको अन्योन्याश्रित सम्बन्धका आधारमा आदिवासी जनजातिलाई आफ्नो पहिचान र सम्मानजनक पहुँचको हक हुनेछ । | ४.आदिवासी/जनजातिको हक : प्राकृतिक स्रोत र साधनमा रहेको अन्योन्याश्रित सम्बन्धका आधारमा आदिवासी /जनजातिलाई आफ्नो पहिचान र सम्मानजनक पहुँचको हक हुनेछ । | आदिवासी जनजातिसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्र, अन्तरराष्ट्रिय श्रम सङ्गठनको महासन्धि, १६९ र जैविक विविधता महासन्धिले समेत पहिचान गरेको अधिकारको सुनिश्चितताको लागि मौलीक हक अन्तर्गत राखिनु पर्ने |
| सामाजिक न्याय | ६. सामाजिक न्यायको हक :<br>(१) प्रत्येक व्यक्तिलाई आफ्नो व्यक्तित्व विकास गर्ने, स्वच्छ व्यवहार पाउने र राज्यको स्रोत, साधन र अवसरमा समान पहुँचको हक हुनेछ<br>(२) राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, लैङ्गिक वा शैक्षिक दृष्टिले पछाडि पारिएका उत्पीडित क्षेत्र, वर्ग र समुदायलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यको संरचनामा सहभागी हुने हक हुनेछ । | ६. सामाजिक न्यायको हक : थप्नु पर्ने<br>• महिलाविरुद्ध हुने भेदभाव र हिंसा दण्डनीय हुनेछ ।<br>• मानव अधिकारका मापदण्ड विपरीत रहेका प्रचलित महिलाविरूद्धका कुप्रथा, कुसंस्कार, अन्धविश्वास वा हाल कायम रहेका देउकी, वादी, झुमा, कम्लहरी, छाउपडी आदि परम्परा र बहु-विवाह, बालविवाह, दाइजो आदि प्रचलन दण्डनीय हुनेछ ।<br>• मानव बेचबिखन, देहव्यापार जस्ता मानव अधिकारका जघन्य उल्लङ्घन गर्ने अपराधीलाई सर्वस्वहरणसहित आजीवन कारावासको सजाय हुनेछ । | महिलाविरुद्ध हुने सबै प्रकारका भेदभावलाई कानुनी रूपमा दण्डनीय बनाई महिलामाथि हुने भेदभावको अन्त्य गर्न । |

३

# सांस्कृतिक र सामाजिक ऐक्यबद्धताको आधार निर्धारण समिति

# (Committee for Determining the Basis for Cultural and Social Solidarity)



# सामाजिक र सांस्कृतिक ऐक्यबद्धताको आधार निर्धारण समिति

(Committee for Determining the Basis for Social and Cultural Solidarity)

| विषय | प्रस्तावित व्यवस्था | सुझाव/हुनुपर्ने | कारण |
|---|---|---|---|
| मातृभाषामा शिक्षा | २. शिक्षासम्बन्धी हक :<br>(१) प्रत्येक समुदायलाई आफ्नो मातृभाषामा आधारभूत शिक्षा पाउने हक हुनेछ ।<br>(२) उपधारा (१) को प्रचलन कानुनद्वारा निर्धारण भए बमोजिम हुनेछ । | २. शिक्षासम्बन्धी हक :<br>(१) प्रत्येक समुदाय, आदिवासी जनजाति, मधेशीलाई आफ्नो मातृभाषामा आधारभूत शिक्षा पाउने हक हुनेछ ।<br>(२) उपधारा (१) को प्रचलन कानुनद्वारा निर्धारण भए बमोजिम हुनेछ । | मातृभाषीहरूलाई आफ्नो भाषामा शिक्षा लिन पाउने अधिकारलाई स्थापित गरिएको । |
| संस्कृति, भाषा तथा लिपिको संरक्षण सम्वर्धन र विकास | २) प्रत्येक समुदायलाई आफ्नो भाषा तथा लिपिको संरक्षण, संवर्धन, प्रयोग र विकास गर्ने हक हुनेछ । | (२) प्रत्येक आदिवासी जनजाति, मधेशीलाई आफ्नो भाषा तथा लिपिको संरक्षण, संवर्धन, प्रयोग र विकास गर्ने हक हुनेछ। राज्यबाट यसको निमित्त साधन स्रोत प्राप्त गर्ने उनीहरूलाई हक हुनेछ । | मातृभाषीहरूलाई आफ्नो भाषामा शिक्षा लिन पाउने अधिकारलाई स्थापित गरिएको । |
| आदिवासी जनजातिको हक पहिचान तथा सम्मान | ४.आदिवासी जनजातिको हक : प्राकृतिक स्रोत र साधनमा रहेको अन्योन्याश्रित सम्बन्धका आधारमा आदिवासी जनजातिलाई आफ्नो पहिचान र सम्मानजनक पहुँचको हक हुनेछ । | ४.आदिवासी/जनजातिको हक : प्राकृतिक स्रोत र साधनमा रहेको अन्योन्याश्रित सम्बन्धका आधारमा आदिवासी /जनजातिलाई आफ्नो पहिचान र सम्मानजनक पहुँचको हक हुनेछ । | आदिवासी जनजातिसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्र, अन्तरराष्ट्रिय श्रम सङ्गठनको महासन्धि, १६९ र जैविक विविधता महासन्धिले समेत पहिचान गरेको अधिकारको सुनिश्चितताको लागि मौलीक हक अन्तर्गत राखिनु पर्ने |
| सामाजिक न्याय | ६. सामाजिक न्यायको हक :<br>(१) प्रत्येक व्यक्तिलाई आफ्नो व्यक्तित्व विकास गर्ने, स्वच्छ व्यवहार पाउने र राज्यको स्रोत, साधन र अवसरमा समान पहुँचको हक हुनेछ<br>(२) राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, लैङ्गिक वा शैक्षिक दृष्टिले पछाडि पारिएका उत्पीडित क्षेत्र, वर्ग र समुदायलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यको संरचनामा सहभागी हुने हक हुनेछ । | ६. सामाजिक न्यायको हक : थप्नु पर्ने<br>• महिलाविरुद्ध हुने भेदभाव र हिंसा दण्डनीय हुनेछ ।<br>• मानव अधिकारका मापदण्ड विपरीत रहेका प्रचलित महिलाविरूद्धका कुप्रथा, कुसंस्कार, अन्धविश्वास वा हाल कायम रहेका देउकी, बादी, झुमा, कम्लहरी, छाउपडी आदि परम्परा र बहु-विवाह, बालविवाह, दाइजो आदि प्रचलन दण्डनीय हुनेछ ।<br>• मानव बेचबिखन, देहव्यापार जस्ता मानव अधिकारका जघन्य उल्लङ्घन गर्ने अपराधीलाई सर्वस्वहरणसहित आजीवन कारावासको सजाय हुनेछ । | महिलाविरुद्ध हुने सबै प्रकारका भेदभावलाई कानुनी रूपमा दण्डनीय बनाई महिलामाथि हुने भेदभावको अन्त्य गर्न । |

# ८

# न्याय प्रणालीसम्बन्धी समिति
# (Committee on Judicial System)



| क्र.स. | विषय | प्रस्तावित व्यवस्था | सुझाव/हुनुपर्ने | कारण |
|---|---|---|---|---|
| २ | अदालतहरू | (३) उपधारा (१) र (२) बमोजिम अदालत गठन गर्दा पारिवारिक विवाद, महिलामाथिको घरेलु हिंसासँग सम्बन्धित विवाद, बाल अधिकारसँग सम्बन्धित विवाद, दलितको छुवाछुतसम्बन्धी विवाद तथा आदिवासी, जनजाति, मधेशी, मुस्लिमलगायतका अल्पसङ्ख्यक समुदायको सांस्कृतिक,र्मिक एवं परम्परागत कानुन र प्रथाद्वारा उत्पन्न हुने विवादहरूलाई समाधान गर्न प्रादेशिक कानुन बमोजिम जिल्ला स्थानीय अदालतमा छुट्टै इजलास वा त्यसको मातहतमा छुट्टै अदालत वा न्याययिक निकाय गठन गर्न सकिनेछ । | ३) उपधारा (१) र (२) बमोजिम अदालत गठन गर्दा पारिवारिक विवाद, महिलामाथिको घरेलु हिंसासँग सम्बन्धित विवाद, बाल अधिकारसँग सम्बन्धित विवाद, दलितको छुवाछुतसम्बन्धी विवाद तथा आदिवासी, जनजाति, मधेशी, मुस्लिमलगायतका अल्पसङ्ख्यक समुदायको सांस्कृतिक, धार्मिक एवं परम्परागत कानुन र प्रथाद्वारा उत्पन्न हुने विवादहरूलाई समाधान गर्न जिल्ला र स्थानीय स्तरमा राज्यस्तरीय न्यायिक व्यवस्थामा आदिवासी समुदायहरूको परम्परागत मूल्यमान्यतामा आधारित कानुन तथा न्यायिक प्रणालीलाई न्याय प्रशासन अन्तर्गत छुट्टै न्यायिक निकाय स्थापना गरी न्याय निरुपण गरिनेछ ।<br>• महिलासँग सम्बन्धित विवादको समाधानका लागि स्थानीय, जिल्ला तहमा छुट्टै पारिवारिक अदालत र प्रादेशिक तथा सङ्घीय सर्वोच्च अदालतमा छुट्टै पारिवारिक इजलासको व्यवस्था गरिने छ ।<br>• प्रादेशिक अदालतमा बयान गराउँदा स्थानीय भाषा वा मातृभाषामा बयान गर्न पाइने छ । | आदिवासी जनजातिसम्बन्धी संयुक्त राष्ट्र सङ्घीय घोषणापत्र, अन्तरराष्ट्रिय श्रम सङ्गठनको महासन्धि, १६९ ले आदिवासीको प्रथाजनित कानुनी संस्थालाई मान्यता दिएका कारण ।<br><br>महिलामाथि हुने सबै प्रकारका भेदभाव अन्त्य गर्ने महासन्धि अनुरूप महिलासम्बन्धी विवादको समाधान पारिवारिक अदालतले गर्नुपर्ने ।<br><br>मातृभाषीहरूले नेपाली भाषा स्पष्ट रुपमा बुझ्न नसक्ने भएका हुँदा अदालतमा आफ्नो कुरा स्पष्ट राख्न नसक्ने भएका कारण आफ्नो मातृभाषामा सफाइ दिन पाउनुपर्ने । |
| ६ | संघीय सर्वोच्च अदालतका | (१) राष्ट्राध्यक्षले संघीय व्यवस्थापिका विशेष न्यायिक समितिले सिफारिस गरी संघीय व्यवस्थापिकामा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको बहुमतबाट अनुमोदन भएका | थप्नु पर्ने<br>संघिय सर्वोच्च अदालतका प्रधान न्यायाधीश तथा न्यायाधीश नियुक्ति गर्दा महिलाको समानुपातिक प्रतिनिधित्वलाई सुनिश्चित गरिने छ । | न्यायाधीश नियुक्तिमा महिलाको पहुँच बढाउनका लागि महिलालाई विशेष व्यवस्था वा सकारात्मक विभेदको प्रावधान राख्नुपर्ने । |

| | | | | |
|---|---|---|---|---|
| | प्रधान न्यायाधीश तथा न्यायाधीशको नियुक्ति र योग्यता: | व्यक्तिलाई संघीय सर्वोच्च अदालतको प्रधान न्यायाधीश वा न्यायाधीशमा नियुक्ति गर्नेछ । | सारभूत समानताका लागि सकारात्मकउपाय वा अन्य उपायबाट महिलाको सहज पहुँच सुनिश्चित गरिने छ । | |
| १६ | राज्य/प्रदेश सर्वोच्च/उच्च अदालतको मुख्य न्यायाधीश तथा न्यायाधीशको नियुक्ति र योग्यता: | (१) राज्यप्रमुखले राज्यव्यवस्थापिका विशेष न्यायिक समितिले सिफारिस गरी राज्यव्यवस्थापिकाको तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको बहुमतबाट अनुमोदन भएका व्यक्तिलाईराज्य/प्रदेश सर्वोच्च/उच्च अदालतको मुख्य न्यायाधीश वा न्यायाधीशमा नियुक्ति गर्नेछ । | थप्नु पर्ने<br>राज्य/प्रदेश सर्वोच्च/उच्च अदालतको मुख्य न्यायाधीश तथा न्यायाधीशको नियुक्ति गर्दा महिलाको समानुपातिक समावेशी प्रतिनिधित्वलाई सुनिश्चित गरिने छ ।<br>सारभूत समानताका लागि सकारात्मकउपाय वा अन्य उपायबाट महिलाको सहज पहुँच सुनिश्चित गरिने छ । | न्यायाधीश नियुक्तिमा महिलाको पहुँच बढाउनका लागि महिलालाई विशेष व्यवस्था वा सकारात्मक विभेदको प्रावधान राख्नुपर्ने । |
| | जिल्ला/स्थानीय अदालतको न्यायाधीशको नियुक्ति, योग्यता तथा पारिश्रमिक र सेवाका अन्य शर्तहरू | (१) जिल्ला/स्थानीय प्रतिनिधिसभा: प्रमुखले जिल्ला/स्थानीय प्रतिनिधिसभा विशेष न्यायिक समितिले सिफारिस गरी जिल्ला/स्थानीय प्रतिनिधिसभाको तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको बहुमतबाट अनुमोदन भएका व्यक्तिलाई जिल्ला/स्थानीय अदालतको न्यायाधीशमा नियुक्ति गर्नेछ । | (१) जिल्ला/स्थानीय प्रतिनिधिसभा:<br>थप्नु पर्ने<br>जिल्ला/स्थानीय अदालतको न्यायाधीशको नियुक्ति, गर्दा महिलाको समानुपातिक प्रतिनिधित्वलाई सुनिश्चित गरिने छ । यसका लागि आवश्यक परे निश्चित समयावधिका लागि सकारात्मक विभेदको प्रावधान राखी महिलाको पहुँच सहज तुल्याउने छ। | न्यायाधीश नियुक्तिमा महिलाको पहुँच बढाउनका लागि महिलालाई विशेष व्यवस्था वा सकारात्मक विभेदको प्रावधान राख्नुपर्ने । |
| २९ | संघिय व्यवस्थापिका विशेष न्यायिक समिति/राज्य/प्रदेश व्यवस्थापिका/विशेष न्यायिक समिति/जिल्ला/स्थानीय प्रतिनिधिसभा विशेष न्यायिक समिति | (३) न्यायाधीशको नियुक्तिमा समानुपनतिक र समावेशी सिद्धान्त अपनाइने : सबै तहका न्यायाधीशहरूको नियुक्ति गर्दा जनसङ्ख्याको आधारमा समानुपातिक र समावेशी सिद्धान्त अनुसार गरिनेछ। यसरी समानुपातिक र समावेशी सिद्धान्त अनुसार नियुक्ति गर्दा महिला, आदिवासी जनजाति, मधेशी, दलित, मुस्लिमलगायतका पिछडिएको समुदायका व्यक्तिहरू समेतबाट गरिनेछ । | ३) न्यायाधीशको नियुक्तिमा पूर्ण समानुपातिक र समावेशी सिद्धान्त अपनाइने : सबै तहका न्यायाधीशहरूको नियुक्ति जनसङ्ख्याको आधारमा समानुपातिक र समावेशी सिद्धान्त अनुसार गरिनेछ। यसरी समानुपातिक र समावेशी सिद्धान्त अनुसार नियुक्ति गर्दा महिला, आदिवासी जनजाति, मधेशी, दलित, मुस्लिमलगायतका पिछडिएका समुदायका व्यक्तिहरू समेतबाट गरिनेछ । | न्यायाधीशको नियुक्तिमा लिङ्ग, वर्ग, धर्म, भाषा, वर्ण तथा क्षेत्रगत असमानता भएको कारण पूर्ण समानुपातिक र समावेशी सिद्धान्त अपनाउनुपर्ने । |

| | | | | |
|---|---|---|---|---|
| ३० | संघीय न्याय सेवा आयोग: | (२) संघीय न्याय सेवा आयोगमादेहाय बमोजिमका अध्यक्ष र सदस्यहरू हुनेछन् :-<br>(क) संघीय सर्वोच्च अदालतको प्रधान न्यायाधीश - अध्यक्ष<br>(ख) संघीय कानून तथा न्याय मन्त्री -सदस्य<br>(ग) संघीय सर्वोच्च अदालतको वरिष्ठतम न्यायाधीश - सदस्य<br>(घ) संघीय लोक सेवा आयोगको अध्यक्ष -सदस्य<br>(ङ) संघीय महान्यायाधिवक्ता सदस्य | (२) संघीय न्याय सेवा आयोगमा देहाय बमोजिमका अध्यक्ष र सदस्यहरू हुनेछन्<br>(क) संघीय सर्वोच्च अदालतको प्रधान न्यायाधीश -अध्यक्ष<br>(ख) संघीय कानून तथा न्याय मन्त्री - सदस्य<br>(ग) संघीय सर्वोच्च अदालतको वरिष्ठतम न्यायाधीश - सदस्य<br>(घ) संघीय लोक सेवा आयोगको अध्यक्ष - सदस्य<br>ङ) संघीय सर्वोच्च अदालतको वरिष्ठतम महिला न्यायाधीश-सदस्य<br>(च) संघीय महान्यायाधिवक्ता सदस्य | न्याय सेवा आयोगमा महिलाको पहुँच बढाउनका लागि आवश्यक परे निश्चित समयावधिका लागि सकारात्मक विभेदको प्रावधान राखी महिलाको पहुँच सहज तुल्याउन आवश्यक भएकोले । |
| ३१ | राज्य न्यायसेवा आयोग | २) राज्य न्याय सेवा आयोगमा देहाय बमोजिमका अध्यक्ष र सदस्यहरू हुनेछन्:-<br>(क)राज्य/प्रदेश सर्वोच्च/उच्च अदालतको मुख्य न्यायाधीश-अध्यक्ष(<br>ख) राज्यकानून तथा न्याय मन्त्री-सदस्य(ग) राज्य/प्रदेश सर्वोच्च/ उच्च अदालतको वरिष्ठतम न्यायाधीश -सदस्य<br>(घ) राज्य लोक सेवा आयोगकोअध्यक्ष -सदस्य<br>(ङ) राज्य महान्यायाधिवक्ता -सदस्य | (२) राज्य न्याय सेवा आयोगमा देहाय बमोजिमका अध्यक्ष र सदस्यहरू हुनेछन् :-<br>(क) राज्य/प्रदेश सर्वोच्च/उच्च अदालतको मुख्य न्यायाधीश -अध्यक्ष<br>(ख) राज्यकानून तथा न्याय मन्त्री -सदस्य<br>(ग) राज्य/प्रदेश सर्वोच्च/उच्च अदालतको वरिष्ठतम न्यायाधीश -सदस्य<br>घ) राज्य/प्रदेश सर्वोच्च/उच्च अदालतको विविधतासहितको वरिष्ठतम महिला न्यायाधीश-सदस्य<br>ङ) राज्य लोक सेवा आयोगको अध्यक्ष -सदस्य<br>(च) राज्य महान्यायाधिवक्ता -सदस्य | न्याय सेवा आयोगमा महिलाको पहुँच बढाउनका लागि आवश्यक परे निश्चित समयावधिका लागि सकारात्मक विभेदको प्रावधान राखी महिलाको पहुँच सहज तुल्याउन आवश्यक भएकोले । |

५

# प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजस्व बाँडफाँड समिति
# (Committee on the Distribution of Natural Resources, Financial Rights and Revenues)



## प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजस्व बाँडफाँड समिति
### (Committee on the Distribution of Natural Resources, Financial Rights and Revenues)

| क्र.स. | विषय | प्रस्तावित व्यवस्था | सुझाव/हुनुपर्ने | कारण |
|---|---|---|---|---|
| ४ | राज्यको दायित्व, सिद्धान्त र नीति | ११. राज्यको दायित्व :<br>(१) प्राकृतिक स्रोतको संरक्षण, संवर्धन एवं दिगो उपयोग गर्दा स्थानीय समुदायको आवश्यकतालाई प्राथमिकता दिँदै त्यसबाट प्राप्त लाभको समन्यायिक वितरण गर्ने, | ११. राज्यको दायित्व :<br>१) प्राकृतिक स्रोत र साधनको उपयोगमा आदिवासी जनजातिलगायत स्थानीय समुदायको महिलाको पूर्ण समानुपातिक पहुँचसहितको पहिलो अधिकार सुनिश्चित गर्ने भन्ने व्यवस्था राख्ने ।<br>स्थानीय तथा आदिवासि जनजाति र महिलाको समानुपातिक समावेशी पहुँचसहित लाभको समन्यायिक वितरण गर्ने भन्ने व्यहोरा सामेल गर्ने। | प्राकृतिक स्रोत र साधनलाई जोगाउन र जीविकोपार्जनका लागि महिलाको निर्भरता भएका कारण महिलाको पूर्ण समानुपातिक पहुँचको सुनिश्चितता हुनुपर्ने । प्राकृतिक स्रोत र साधनबाट हुने लाभको बाँडफाँडमा समेत महिलाको अधिकार सुनिश्चित गरिनुपर्ने । |
| | | (२) आदिवासी, जनजाति, दलित एवं स्थानीय समुदायको आनुवंशिक स्रोत एवं सांस्कृतिक सम्पदासम्बन्धी परम्परागत ज्ञान, सीप र अभ्यासको संरक्षण, संवर्धन एवं संरक्षण गर्ने र सोबाट प्राप्त लाभको समन्यायिक वितरण गर्ने, | (२) आदिवासी, जनजाति, दलित एवं स्थानीय समुदायको आनुवंशिक स्रोत एवं सांस्कृतिक सम्पदासम्बन्धी परम्परागत ज्ञान, सीप र अभ्यासको संरक्षण, संवर्धन एवं संरक्षण गर्ने र आदिवासी जनजाति तथा महिलालाई स्वतन्त्र र स्वेच्छिक मञ्जुरी लिई वितरण गर्ने । | आदिवासी जनजातिसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्र, अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासन्धि १६९ र जैविक विविधता महासन्धिले पूर्व, सुसूचित मञ्जुरीको व्यवस्था गरका कारण । |
| | | (३) जलस्रोत लगायतका प्राकृतिक स्रोतसम्बन्धीअन्तरराष्ट्रिय स्तरमा सन्धि सम्झौता गर्दा राष्ट्रिय हितमा गर्ने, | ३) जलस्रोत लगायतका प्राकृतिक स्रोतसम्बन्धी अन्तरराष्ट्रिय स्तरमा सन्धि सम्झौता गर्दा स्थानीय समुदाय, आदिवासी जनजाति, महिलाको समानुपातिक सहभागिता सहित स्वतन्त्र सहमति लिइ राष्ट्रिय हितमा गर्ने, | आदिवासी जनजातिसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्र, अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासन्धि, १६९ र जैविक विविधता महासन्धिले पूर्व, सुसूचित मञ्जुरीको व्यवस्था गरेका कारण । |
| ६ | बजेट निर्माण | १५. बजेट निर्माण :<br>(१) संघ, प्रदेश र स्थानीय सरकारको बजेट समग्र | थप्नु पर्ने :<br>• सङ्घ, प्रदेश तथा स्थानीय सरकारको | महिलाको विकास र उनीहरूको स्तर उठाउनका लागि उनीहरूलाई आर्थिक रूपले सक्षम बनाउन आवश्यक छ र त्यसको लागि बजेट विनियोजन |

| | | | | |
|---|---|---|---|---|
| | | अर्थतन्त्रको प्रभावकारी व्यवस्थापन, पारदर्शिता र जवाफदेहीलाई सुदृढ गर्ने गरी बनाइनेछ<br>(२) प्रादेशिक र स्थानीय सरकारहरुको बजेटकोखाका, बजेट पेश गर्ने समय, तथा संघीयबजेट व्यवस्थापनसँगको सम्बन्ध संघीय कानूनले तोके बमोजिम हुनेछ। | बजेट निर्माणमा जातीय विविधता महिलाको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्ने ।<br>• हरेक मन्त्रालय, प्रादेशिक सरकार र स्थानीय तहमा बजेटको १५ प्रतिशत जातीय विविधता बजेट महिलाहरूको निम्ति अनिवार्य रूपमा छुट्याउनुपर्ने। | गर्न पनि आवश्यक भएकोले । |
| २४ | राष्ट्रिय प्राकृतिक स्रोत आयोग | ३४.राष्ट्रिय प्राकृतिक स्रोत आयोग<br>(१) नेपालमा एक राष्ट्रिय प्राकृतिक स्रोत आयोग हुनेछ, जसमा अध्यक्षसहित बढीमा तीन जना सदस्य रहनेछन्<br>(क) सम्वधित विषयमा विषेशज्ञता हासिल गरेको व्यक्ति अध्यक्ष<br>(ख) प्राकृतिक स्रोत, जलस्रोत, भूगर्भ, बातावरण कानुन र अर्थ विशेषज्ञमध्येबाट दुई जना सदस्य | ३४.राष्ट्रिय प्राकृतिक स्रोत आयोग<br>(१) नेपालमा एक राष्ट्रिय प्राकृतिक स्रोत आयोग हुनेछ यस्तो आयोगमा पूर्ण समानुपातिक समावेशी जातीय विविधता महिला प्रतिनिधित्व सुनिश्चित गर्दै अध्यक्षसहित बढीमा तीन जना सदस्य रहनेछन् –<br>(क) सम्वधित विषयमा विषेशज्ञता हासिल गरेको व्यक्ति –अध्यक्ष<br>(ख) प्राकृतिक स्रोत, जलस्रोत, भूगर्भ, बातावरण कानुन र अर्थ विशेषज्ञमध्येबाट दुई जना –सदस्य। | नीति निर्माण र निर्णयमा महिलाको पहुँच बढाउन र उनीहरूको सहभागीता सुनिश्चित गर्न । |
| २५ | राष्ट्रिय वित्तीय आयोग | ३७. राष्ट्रिय वित्तीय आयोग :<br>(१) नेपालमा एक राष्ट्रिय वित्तीय आयोग हुनेछ, जसमा अध्यक्ष सहित बढीमा तीन जना सदस्य रहने छन्। | ३७. राष्ट्रिय वित्तीय आयोग :<br>(१) नेपालमा एक राष्ट्रिय वित्तीय आयोग हुनेछ<br>यस्तो आयोगमा समानुपातिक समावेशी महिला प्रतिनिधित्व सुनिश्चित गर्दै अध्यक्ष सहित बढीमा तीन जना सदस्य रहनेछन्। | नीति निर्माण र निर्णयमा महिलाको पहुँच बढाउन र उनीहरूको सहभागीता सुनिश्चित गर्न । |
| २८ | नया आयोग थप्नु पर्ने | स्थानिय प्राकृतिक श्रोत संरक्षण तथा व्यवस्थापन आयोग | स्थानीय समुदाय, आदिवासी जनजातिहरूको परम्परागत प्रविधि, ज्ञान, प्राकृतिक स्रोत, (जल, जङ्गल र जडीबुटी) र सीपमाथिको अग्राधिकार कायम राख्ने खालको आयोगको व्यवस्था सम्बन्धित प्रदेशले गर्नेछ। यस्तो आयोगमा समानुपातिक समावेशी महिला प्रतिनिधित्व सुनिश्चित गर्ने। | हजारौं वर्षदेखि आदिवासी जनजातिहरूले जङ्गल र जमीनको संरक्षण गरेका छन्। उनीहरूको भूमीसँग विशिष्ट सम्वन्ध छ। त्यस्तै आदिवासी जनजाति, स्थानीय समुदाय तथा महिलाको वन र प्राकृतिक स्रोतसम्वन्धी परम्परागत ज्ञान, सीप र प्रविधिको पहिचान गर्दै उनीहरूको त्यसमाथिको पहिलो अधिकार/अग्राधिकार सुनिश्चित गराउन र नीति निर्माण र निर्णयमा महिलाको पहुँच बढाउन। |

# ६

# संवैधानिक निकायको संरचना निर्धारण समिति
# (Committee for Determining the Structure of Constitutional Bodies)



## संवैधानिक निकायको संरचना निर्धारण समिति
(Committee for Determining the Structure of Constitutional Bodies)

| क्र.स. | विषय | प्रस्तावित व्यवस्था | सुझाव/हुनुपर्ने | कारण |
|---|---|---|---|---|
| १ | अख्तियार दुरूपयोग अनुसन्धान आयोग | (१) नेपालमा एक संघीय अख्तियार दुरूपयोग अनुसन्धान आयोग रहनेछ जसमा समानुपातिक प्रतिनिधित्व र समावेशीताका आधारमा प्रमुख आयुक्त र अन्य दुइ दुई जनाआयुक्तहरू रहनेछन् । प्रममुख आयुक्तका अतिरिक्त अन्य आयुक्तहरु नियुक्त भएमा प्रमुख आयुक्तले अख्तियार दुरूपयोग अनुसन्धान आयोगको अध्यक्ष भई काम गर्नेछ । | (१) नेपालमा एक संघीय अख्तियार दुरूपयोग अनुसन्धान आयोग रहनेछ जसमा समानुपातिक समावेशी महिला प्रतिनिधित्व सुनिश्चित गर्दै समानुपातिक प्रतिनिधित्व र समावेशीताका आधारमा प्रमुख आयुक्त र अन्य दुइ दुई जनाआयुक्तहरू रहनेछन् । प्रममुख आयुक्तका अतिरिक्त अन्य आयुक्तहरु नियुक्त भएमा प्रमुख आयुक्तले अख्तियार दुरूपयोग अनुसन्धान आयोगको अध्यक्ष भई काम गर्नेछ । | नीति निर्माण र निर्णयमा महिलाको पहुँच बढाउन । |
| २ | लेखापरीक्षण आयोग | (१) नेपालमा एक सङ्घीय लेखापरीक्षण आयोग रहनेछ, जसमा समानुपातिक प्रतिनिधित्व र समावेशिताका आधारमा एक जना अध्यक्ष र अन्य दुई जना सदस्य रहनेछन् । | १) नेपालमा एक सङ्घीय लेखापरीक्षण आयोग रहनेछ, जसमा समानुपातिक समावेशी महिला प्रतिनिधित्व सुनिश्चित गर्दै समानुपातिक प्रतिनिधित्व र समावेशिताका आधारमा एक जना अध्यक्ष र अन्य दुई जना सदस्य रहनेछन् । | नीति निर्माण र निर्णयमा महिलाको पहुँच बढाउन । |
| ३ | लोकसेवा आयोग | (१) नेपालमा एक सङ्घीय लोकसेवा आयोग हुनेछ, जसमा समानुपातिक प्रतिनिधित्व र समावेशिताका आधारमा एक जना अध्यक्ष र आवश्यकता अनुसार अन्य सदस्यहरू रहनेछन् ।<br><br>(२) राष्ट्रपतिले संवैधानिक परिषद्को सिफारिशमा लोकसेवा आयोगका अध्यक्ष र सदस्यहरूको नियुक्ति गर्नेछ | (१) नेपालमा एक सङ्घीय लोकसेवा आयोग हुनेछ, जसमा समानुपातिक समावेशी महिला प्रतिनिधित्व सुनिश्चित गर्दै समानुपातिक प्रतिनिधित्व र समावेशिताका आधारमा एक जना अध्यक्ष र आवश्यकता अनुसार अन्य सदस्यहरू रहनेछन् ।<br><br>२) राष्ट्राध्याक्षले संवैधानिक परिषद्को सिफारिशमा लोकसेवा आयोगका अध्यक्ष र सदस्यहरूको नियुक्ति गर्नेछ । | नीति निर्माण र निर्णयमा महिलाको पहुँच बढाउन ।<br><br>लैङ्गिक संवेदनशील शब्दको प्रयोग गर्न आवश्यक भएको हुँदा । |

| | | | | |
|---|---|---|---|---|
| | | ३) लोकसेवा आयोगका सदस्यहरूमध्ये कम्तीमा पचास प्रतिशत सदस्यहरू पन्ध्र वर्ष वा सोभन्दा बढी अवधिसम्म कुनै सरकारी सेवामा रहेका व्यक्तिहरूमध्येबाट र बाँकी सदस्यहरू विज्ञान, शिक्षा, स्वास्थ्य, वाणिज्य, प्रविधि, कला, साहित्य, कानुन, जनप्रशासन, समाजशास्त्र वा राष्ट्रिय जीवनका अन्य क्षेत्रमा शोध, अनुसन्धान, अध्यापन वा अन्य कुनै महत्वपूर्ण कार्य गरी ख्यातिप्राप्त गरेका व्यक्तिहरूमध्येबाट नियुक्त हुनेछन् । | ३) लोकसेवाआयोगका सदस्यहरूमध्ये कम्तीमा पचास प्रतिशत सदस्यहरू पन्ध्र वर्ष वा सोभन्दा बढी अवधिसम्म कुनै सरकारी सेवामा रहेका पूर्ण समानुपातिक समावेशी महिला प्रतिनिधित्वसहितका व्यक्तिहरूमध्येबाट र बाँकी सदस्यहरू विज्ञान, शिक्षा, स्वास्थ्य, वाणिज्य, प्रविधि, कला, साहित्य, कानुन, जनप्रशासन, समाजशास्त्र वा राष्ट्रिय जीवनका अन्य क्षेत्रमा शोध, अनुसन्धान, अध्यापन वा अन्य कुनै महत्वपूर्ण कार्य गरी ख्यातिप्राप्त गरेका पूर्ण समानुपातिक समावेशी महिला प्रतिनिधित्व सहितका व्यक्तिहरू मध्येबाट नियुक्त हुनेछन । | नीति निर्माण र निर्णयमा महिलाको पहुँच बढाउन । |
| ४ | निर्वाचन आयोग | (१) नेपालमा एक सङ्घीय निर्वाचन आयोग हुनेछ, जसमा समानुपातिक प्रतिनिधित्व र समावेशिताका आधारमा प्रमुख निर्वाचन आयुक्त र अन्य दुई जनासम्म निर्वाचन आयुक्त रहनेछन् । प्रमुख निर्वाचन आयुक्तका अतिरिक्त अन्य निर्वाचन आयुक्त नियुक्त भएमा प्रमुख निर्वाचन आयुक्तले निर्वाचन आयोगको अध्यक्ष भई काम गर्नेछ । | १) नेपालमा एक सङ्घीय निर्वाचन आयोग हुनेछ, जसमा पूर्ण समानुपातिक समावेशी महिला प्रतिनिधित्व सुनिश्चित गर्दै समानुपातिक प्रतिनिधित्व, समावेशिताका आधारमा प्रमुख निर्वाचन आयुक्त र अन्य चार जनासम्म निर्वाचन आयुक्त रहनेछन् । प्रमुख निर्वाचन आयुक्तका अतिरिक्त अन्य निर्वाचन आयुक्त नियुक्त भएमा प्रमुख निर्वाचन आयुक्तले निर्वाचन आयोगको अध्यक्ष भई काम गर्नेछ । | नीति निर्माण र निर्णयमा महिलाको पहुँच बढाउन । |
| ५ | मानव अधिकार आयोग | (१) नेपालमा एक सङ्घीय मानव अधिकार आयोग हुनेछ, जसमा समानुपातिक प्रतिनिधित्व र समावेशिताका आधारमा देहाय बमोजिमका अध्यक्ष र सदस्यहरू रहनेछन् :-<br><br>क) मानव अधिकारको संरक्षण र संवर्धनको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका सर्वोच्च अदालतको प्रधान न्यायाधीश वा न्यायाधीश पदबाट सेवानिवृत्त व्यक्ति वा मानव अधिकारको संरक्षण र संवर्धन वा समाजसेवाका क्षेत्रमा क्रियाशील रही विशिष्ट योगदान पुऱ्याएका ख्यातिप्राप्त व्यक्तिहरूमध्येबाट - अध्यक्ष | (१) नेपालमा एक सङ्घीय मानव अधिकार आयोग हुनेछ, जसमा पूर्ण समानुपातिक समावेशी महिला प्रतिनिधित्व, समावेशिताका साथै अल्पसङ्ख्यक र सीमान्तीकृत, आदिवासी जनजाति, मधेशी, मुस्लिम समुदायको प्रतिनिधित्व हुने गरी देहाय बमोजिमका अध्यक्ष र सदस्यहरू रहनेछन् :<br>(क) मानव अधिकारको संरक्षण र संवर्धनको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका सर्वोच्च अदालतको प्रधान न्यायाधीश वा न्यायाधीश पदबाट सेवानिवृत्त व्यक्ति वा मानव अधिकारको संरक्षण र संवर्धन वा समाजसेवाका क्षेत्रमा क्रियाशील रही विशिष्ट योगदान पुऱ्याएका ख्यातिप्राप्त व्यक्तिहरूमध्येबाट - अध्यक्ष | नीति निर्माण र निर्णयमा महिला तथा सामाजिक-आर्थिक रूपले पछाडि पारिएका समुदायको पहुँच बढाउन । |

| | | | | |
|---|---|---|---|---|
| | | (ख) मानव अधिकारको संरक्षण र संवर्धन वा समाजसेवाका क्षेत्रमा क्रियाशील रही विशिष्ट योगदान पुऱ्याएका ख्यातिप्राप्त व्यक्तिहरू मध्येबाट चार जना - सदस्य | (ख) मानव अधिकारको संरक्षण र संवर्धन वा समाजसेवाका क्षेत्रमा क्रियाशील रही विशिष्ट योगदान पुऱ्याएका ख्यातिप्राप्त व्यक्तिहरू मध्येबाट छ जना - सदस्य | महिला आयोगभित्रको विविधतालाई पहिचान गरी उनीहरूको सहभागीतालाई सुनिश्चित गर्न । |
| ६ | महिला आयोग | (१) नेपालमा एक सङ्घीय महिला आयोग हुनेछ, जसमा समानुपातिक प्रतिनिधित्व र समावेशिताका आधारमा एक जना अध्यक्ष र अन्य दुई जना सदस्य रहनेछन् ।<br>(२) राष्ट्रपतिले संवैधानिक परिषद्को सिफारिशमा सङ्घीय महिला आयोगका अध्यक्ष र सदस्यहरूको नियुक्ति गर्नेछन् । | (१) नेपालमा एक सङ्घीय महिला आयोग हुनेछ, जसमा अल्पसङ्ख्यक, सीमान्तीकृत, आदीवासी जनजाती, मधेशी, मुस्लिम समुदायको प्रतिनिधित्व हुने गरी पूर्ण समानुपातिक र समावेशिताका आधारमा एक जना अध्यक्ष र अन्य छ जना सदस्य रहनेछन् ।<br>(२) राष्ट्राध्याक्षले संवैधानिक परिषद्को सिफारिशमा सङ्घीय महिला आयोगका अध्यक्ष र सदस्यहरूको नियुक्ति गर्नेछन । | लैङ्गिक संवेदनशील शब्दको प्रयोग गर्न आवश्यक भएको हुँदा । |
| ७ | महिला आयोगका काम, कर्तव्य र अधिकार | महिला आयोगका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :<br>(ख) महिलाको हक हितसँग सम्बन्धित प्रचलित कानुन पालना भए वा नभएको वा नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धिअन्तर्गतका दायित्व कार्यान्वयन भएको वा नभएको विषयमा अनुगमन गरी पालना वा कार्यान्वयन नभएको भए सोको पालना वा कार्यान्यनका लागि नेपाल सरकारसमक्ष सुझाव दिने,<br>(ग) महिलालाई राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गर्नका लागि तथा राज्यका सबै अङ्गमा समानुपातिक सहभागिता एवं लागू गरिएका नीति तथा कार्यक्रमको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने सोको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिश गर्ने,<br>(घ) लैङ्गिक समानता, महिला सशक्तीकरण तथा महिलासँग सम्बन्धित प्रचलित कानुनी व्यवस्थाको अध्ययन, अनुसन्धान गरी त्यस्ता कानुनमा गर्नुपर्ने सुधारका सम्बन्धमा सम्बन्धित निकायलाई सिफारिश गर्ने र सोको अनुगमन गर्ने | महिला आयोगका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ<br>ख) महिलाको हक हितसँग सम्बन्धित प्रचलित कानुन पालना भएको वा नभएको वा नेपाल पक्ष भएका अन्तरराष्ट्रिय महासन्धि, सम्झौताअन्तर्गतका दायित्व कार्यान्वयन भएको वा नभएको विषयमा अनुगमन गरी पालना नभएका भए पूर्ण कार्यान्यनका लागि सुझावसहित दबाब दिने र सोसम्बन्धी प्रतिवेदनहरू सार्वजनिक गर्ने ।<br>(ग) राष्ट्रिय विकासको मूल प्रवाहमा सबै तह र तप्काका महिलाहरूको जातीय विविधतासहित सार्थक सहभागिता भए नभएको अनुगमन, मूल्याङ्कन तथा समीक्षा गर्ने र सोको पूर्ण कार्यान्वयनका लागी नेपाल सरकारलाई सत्य तथ्य प्रतिवेदनसहित दबाब दिने,<br>(घ) लैङ्गिक समानता, महिला सशक्तीकरण तथा महिलासँग सम्बन्धित प्रचलित कानुनी व्यवस्थाको अध्ययन, अनुसन्धान गरी त्यस्ता कानुनमा गर्नुपर्ने सुधारका सम्बन्धमा सम्बन्धित निकायको ध्यानाकर्षण गराउने र भए नभएको अनुगमन गर्ने, प्रतिवेदन प्रकाशन गर्ने, | महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि, १९७९ को पक्ष राष्ट्र नेपाल पनि भएकोले महासन्धिको पालना गर्नु नेपालको पनि दायित्व हुन्छ । नेपाल सन्धि ऐनको दफा ९ मा रहेको व्यवस्थाले सन्धिका व्यवस्थाहरू प्रचलित कानुनसँग बाझिएमा सो प्रयोजनका लागि बाझिएको हदसम्म कानुनी व्यवस्था अमान्य हुने र सन्धिको व्यवस्था कानुन सरह लागू हुने व्यवस्था गरेको देखिन्छ । कुनै सन्धिले कुनै थप दायित्व नेपाल सरकारलाई दिएकोमा त्यसको कार्यान्वयनका लागि कानुनी व्यवस्था गर्नुपर्ने हुन्छ ।<br>महिला आयोगलाई एउटा अधिकार सम्पन्न र लैङ्गिक |

| | | | | |
|---|---|---|---|---|
| | | (ङ) महिला अधिकारसँग सम्बन्धित नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा भएका व्यवस्था बमोजिम नेपालले पठाउनुपर्ने प्रतिवेदनका सम्बन्धमा नेपाल सरकारले पठाएको वा नपठाएको अनुगमन गर्ने,<br><br>(च) महिला हिंसा वा सामाजिक कुरीतिबाट पीडित वा महिला अधिकार प्रयोग गर्न नदिएको वा वञ्चित गरिएको विषयमा कुनै व्यक्ति वा संस्थाविरुद्ध मुद्दा दायर गर्नुपर्ने आवश्यकता देखिएमा कानुन बमोजिम अदालतमा मुद्दा दायर गर्न सिफारिश गर्ने ।<br><br>(ज) कानुनद्वारा तोकिएका अन्य कार्य गर्ने । | (ङ) महिला अधिकारसँग सम्बन्धित नेपाल पक्ष भएका अन्तरराष्ट्रिय सन्धि सम्झौतामा भएका व्यवस्था बमोजिम नेपालले प्रतिवेदन पठाउँदा महिला आयोगबाट रुजु गराएर पठाउनुपर्ने र उक्त प्रतिवेदनहरू पठाए नपठाएकोसम्बन्धमा महिला आयोगले अनुगमन गर्ने र सचेत गराउने ।<br><br>च) महिला हिंसा वा सामाजिक कुरीतिबाट पीडित वा महिला अधिकार प्रयोग गर्न नदिएको वा वञ्चित गरेको विषयमा कुनै व्यक्ति वा संस्थाविरुद्ध सार्वजनिक सुनुवाई गर्नसक्ने, जनसरोकारका लागि उक्त कुरा प्रकाशित गर्ने र कानून बमोजिम अदालतमा मुद्दा दायर गर्ने ।<br><br>तलका बुदा थप्नु पर्ने :<br><br>छ) विभिन्न मन्त्रालयमा रहेको लैङ्गिक सम्पर्क एकाइ (जेन्डरफोकल पोइन्ट) को प्रमुख कम्तीमा सहसचिव लेवलको हुनु पर्ने र चार जनाको एउटा कमिटी बनाउनु पर्ने। महिला आयोगले सम्बन्धित मन्त्रालयको नीति कार्यक्रम र बजेट कार्यान्वयन प्रक्रियाहरूमा लैङ्गिक संवेदनशिलता रहे नरहेको र उक्त कार्यक्रमहरूबाट महिलाहरू लाभान्वित भए नभएको सम्बन्धमा छानबीन गर्ने, अनुगमन गर्ने, मूल्याङ्कन र समीक्षा गर्ने र नभएको खण्डमा लिखित दवाव दिने र ध्यानाकर्षण गर्ने ।<br><br>ज) स्थानीय स्तरको बजेट र कार्यक्रममा पनि महिलाको पहुँच भए नभएको प्रतिवेदन लिने र अनुगमन गन मूल्याङ्कन र समीक्षा गर्ने र नभएको खण्डमा लिखित दवाव दिने र ध्यानाकर्षण गर्ने ।<br><br>झ) हरेक मन्त्रालय, प्रादेशीक सरकार र स्थानीय तहमा बजेटको १५ प्रतिशत बजेट चाँहि महिलाहरूको निम्ति छुट्याएको छ छैन अनुगमन गर्ने र नभएको खण्डमा लिखित दवाव दिने र ध्यानाकर्षण गर्ने । | समानताका लागि पैरवी गर्ने संस्थाका रूपमा स्थापित गर्नका लागि यसका काम, कर्तव्य र अधिकार स्पष्ट लेखिएको । |

| | | | | |
|---|---|---|---|---|
| ८ | आदिवासी/ जनजाति आयोग | (१) नेपालमा एक सङ्घीय आदिवासी/जनजाति आयोग हुनेछ, जसमा समानुपातिक प्रतिनिधित्व र समावेशिताको आधारमा एक जना अध्यक्ष र अन्य दुई जना सदस्यहरू रहनेछन् ।<br>(२) उपधारा (३) र (५) को योग्यता भएका व्यक्तिहरूमध्येबाट संवैधानिक परिषद्ले सिफारिश गरेका व्यक्तिलाई राष्ट्रपतिले छ वर्षका लागि आदिवासी/जनजाति आयोगका अध्यक्ष र सदस्यहरूका रूपमा नियुक्ति गर्नेछ । निजहरूको थप एक कार्यकालका लागि पुनर्नियुक्ति हुनसक्नेछ । | १) नेपालमा एक सङ्घीय आदिवासी/ जनजाति आयोग हुनेछ, जसमा पूर्ण समानुपातिक प्रतिनिधित्वका साथै लैङ्गिक समावेशिताका आधारमा एक जना अध्यक्ष र अन्य चार जना सदस्यहरू रहनेछन् ।<br>(२) उपधारा (३) र (५) को योग्यता भएका व्यक्तिहरूमध्येबाट संवैधानिक परिषद्ले सिफारिश गरेका व्यक्तिलाई राष्ट्राध्यक्षले चार वर्षका लागि आदिवासी/जनजाति आयोगका अध्यक्ष र सदस्यहरूका रूपमा नियुक्ति गर्नेछ। निजहरूको थप एक कार्यकालका लागि पुनर्नियुक्ति हुनसक्नेछ । | महिलाको पहुँच सुनिश्चित गर्न । |
| ९ | अपाङ्गता भएका व्यक्ति, अल्पसङ्ख्यक एवं सीमान्तीकृत समुदाय तथा पिछडिएका वर्ग र क्षेत्रको हित संरक्षण आयोग | (१) नेपालमा एक सङ्घीय अपाङ्गता भएका व्यक्ति, अल्पसङ्ख्यक एवं सीमान्तीकृत समुदाय तथा पिछडिएका वर्ग र क्षेत्रको हित संरक्षण आयोग हुनेछ, जसमा समानुपातिक प्रतिनिधित्व र समावेशिताको आधारमा एक जना अध्यक्ष र आवश्यकता अनुसार सदस्यहरू रहनेछन् । | (१) नेपालमा एक सङ्घीय अपाङ्गता भएका व्यक्ति, अल्पसङ्ख्यक एवं सीमान्तीकृत समुदाय तथा पिछडिएका वर्ग र क्षेत्रको हित संरक्षण आयोग हुनेछ, जसमा पूर्ण समानुपातिक प्रतिनिधित्वको साथै लैङ्गिक समावेशिताका आधारमा एक जना अध्यक्ष र आवश्यकता अनुसार सदस्यहरू रहनेछन् । | महिलाको पहुँच सुनिश्चित गर्न । |

७

## व्यवस्थापिकीय अङ्गको स्वरूप निर्धारण समिति

## (Committee for Determining the Form of the Legislative Body)



## व्यवस्थापिकीय अङ्गको स्वरूप निर्धारण समिति

(Committee for Determining the Form of the Legislative Body)

| क्र.स. | विषय | प्रस्तावित व्यवस्था | सुझाव/हुनुपर्ने | कारण |
|---|---|---|---|---|
| १ | भाग-१<br>सङ्घीय व्यवस्थापिका | (३) को (३) प्रतिनिधिसभाको समानुपातिक निर्वाचनका लागि राजनैतिक दलले उम्मेदवारी दिँदा जनसङ्ख्याको आधारमा महिला, मधेसी, थारु, उत्पीडित जाति, दलित, आदिवासी जनजाति, मुस्लिम, पिछडिएको वर्ग, क्षेत्र, अल्पसङ्ख्यक समुदाय, अन्य समुदाय समेतबाट प्रादेशिक बन्दसूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था कानुनद्वारा निर्धारण गरिनेछ। | (३) प्रतिनिधिसभाको समानुपातिक निर्वाचनका लागि राजनैतिक दलले उम्मेदवारी दिँदा जनसङ्ख्याको आधारमा महिला, मधेसी, थारु, उत्पीडित जाति, दलित,आदिवासी जनजाति, मुस्लिम, उत्पीडित वर्ग पिछडिएको क्षेत्र, अल्पसङ्ख्यक समुदाय, अन्य समुदाय समेतबाट प्रत्यक्ष निर्वाचन र वन्दसूचीमा पूर्ण समानुपातिक र समावेशी आधारमा दुवै निर्वाचन प्रणालीबाट कम्तीमा ५०/५० प्रतिशत महिला प्रतिनिधित्व सुनिश्चित गराउनुपर्ने । | लैङ्गिक तथा क्षेत्रगत हिसाबले नीति निर्माण र निर्णय तह र प्रक्रियामा पहुँच र समानता ल्याउनका लागि। |
| | | ४) राष्ट्रिय सभाको गठन र सदस्यहरुको पदावधि :<br>१ (ख) सङ्घीय संसद्को प्रतिनिधिसभामा प्रतिनिधित्व हुन नसकेका अल्पसङ्ख्यक, महिला, जाति, भाषिक, धार्मिक, पिछडिएको वर्ग वा समुदायका साथै राष्ट्रिय जीवनका ख्यातिप्राप्त व्यक्तित्व र विशेषज्ञहरूबाट समानुपातिक प्रतिनिधित्वको सिद्धान्त अन्तर्गत एकल सङ्क्रमणीय मतका आधारमा प्रतिनिधिसभाद्वारा कानुनमा व्यवस्था भए बमोजिम निर्वाचित हुने १३ सदस्य, | ४) राष्ट्रिय सभाको गठन र सदस्यहरुको पदावधि :<br>१ (ख) सङ्घीय संसद्को प्रतिनिधिसभामा प्रतिनिधित्व हुन नसकेका अल्पसङ्ख्यक, महिला, आदिवासी जनजाति, भाषिक, धार्मिक, पिछडिएको वर्ग वा समुदायका साथै राष्ट्रिय जीवनका ख्यातिप्राप्त व्यक्तित्व र विशेषज्ञहरूबाट पूर्ण समानुपातिक प्रतिनिधित्वको सिद्धान्त अन्तर्गत एकल सङ्क्रमणीय मतका आधारमा प्रतिनिधिसभाद्वारा कानुनमा व्यवस्था भए बमोजिम निर्वाचित हुने १३ सदस्य, | समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्न । |
| | | ९) प्रतिनिधिसभाको सभामुख र उप-सभामुखः<br>(१) प्रतिनिधिसभाले यथाशीघ्र आफ्ना सदस्यहरू मध्येबाट एक जना सभामुख र एक जना उप-सभामुखको निर्वाचन गर्नेछ। सभामुख र उप-सभामुखमध्ये एक जना महिला हुनुपर्नेछ। सभामुख वा उप-सभामुखको | ९) प्रतिनिधिसभाको सभामुख र उप-सभामुखः<br>१) प्रतिनिधिसभाले यथाशीघ्र आफ्ना सदस्यहरू मध्येबाट एक जना सभामुख र एक जना उप-सभामुखको निर्वाचन गर्नेछ। सभामुख र उप-सभामुखमध्ये एक जना महिला हुनुपर्नेछ। एक पटक सभामुख पुरुष भए अर्को पटक महिला सभामुख | लैङ्गिक समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्न । |

| | | | |
|---|---|---|---|
| | पद रिक्त भएमा प्रतिनिधिसभाले आफ्ना सदस्यहरूमध्येबाट निर्वाचन गरी रिक्त स्थानको पूर्ति गर्नेछ । | हुनुपर्नेछ । सभामुख तथा उप-सभामुख पदका लागि उम्मेदवारी गराउँदा समावेशिताको पक्षलाई पनि ध्यान दिनुपर्नेछ । सभामुख वा उप-सभामुखको पद रिक्त भएमा प्रतिनिधिसभाले आफ्ना सदस्यहरूमध्येबाट निर्वाचन गरी रिक्त स्थानको पूर्ति गर्नेछ । | |
| | १०) राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्ष<br>(१) पहिलो पटक अधिवेशन प्रारम्भ भएपछि राष्ट्रिय सभाले यथाशीघ्र आफ्ना सदस्यहरूमध्येबाट एक जना अध्यक्ष र एक जना उपाध्यक्षको निर्वाचन गर्नेछ । अध्यक्ष र उपाध्यक्ष मध्ये एक जना महिला हुनुपर्नेछ । अध्यक्ष वा उपाध्यक्षको पद रिक्त भएमा राष्ट्रिय सभाले आफ्ना सदस्यहरूमध्येबाट निर्वाचन गरी रिक्त स्थानको पूर्ति गर्नेछ । | १०) राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्ष<br>(१) पहिलो पटक अधिवेशन प्रारम्भ भएपछि राष्ट्रिय सभाले यथाशीघ्र आफ्ना सदस्यहरूमध्येबाट एक जना अध्यक्ष र एक जना उपाध्यक्षको निर्वाचन गर्नेछ । अध्यक्ष र उपाध्यक्षमध्ये एक जना महिला हुनुपर्नेछ । राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्ष पदमा पहिलो पटक पुरुष राष्ट्रिय सभाको अध्यक्ष भएमा अर्को पटक महिला हुनुपर्नेछ राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्ष पदका लागि उम्मेदवारी गराउँदा समावेशिताको पक्षलाई पनि ध्यान दिनुपर्नेछ । अध्यक्ष वा उपाध्यक्षको पद रिक्त भएमा राष्ट्रिय सभाले आफ्ना सदस्यहरूमध्येबाट निर्वाचन गरी रिक्त स्थानको पूर्ति गर्नेछ । | लैङ्गिक समानुपातिक प्रतिनिधित्व सनश्चित गर्न । |
| | २२. समिति :<br>प्रतिनिधि सभाले अर्थ, सार्वजनिक लेखा, मानव अधिकार, परराष्ट्र सम्बन्ध, प्राकृतिक स्रोत र साधन,वातावरण संरक्षण, जनसंख्या र आवश्यकतानुसार अन्य विषयगत समितिहरुको गठन र व्यवस्था नियमावलीद्वारा गर्न सक्नेछ । | २२. समिति<br>प्रतिनिधि सभाले अर्थ, सार्वजनिक लेखा, मानव अधिकार, 'महिला समिति', परराष्ट्र सम्बन्ध, प्राकृतिक स्रोत र साधन,वातावरण संरक्षण, जनसंख्या र आवश्यकतानुसार अन्य विषयगत समितिहरुको गठन र व्यवस्था नियमावलीद्वारा गर्न सक्नेछ । यसरीगठन हुने प्रतिनिधिसभाका विभिन्न समितिमा ५० प्रतिशत महिला नेतृत्व सुनिश्चित गर्नेछ । | लैङ्गिक समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्न । |

| | | | | |
|---|---|---|---|---|
| २ | भाग ४<br>प्रदेश व्यवस्थापिका | ४४) प्रदेश सभाको गठनः<br>(२) प्रदेश सभामा प्रत्यक्ष तथा समानुपातिक निर्वाचनबाट निर्वाचित हुने कुल सदस्य सङ्ख्याको कम्तीमा पनि एक तिहाइ सदस्यको प्रतिनिधित्व महिलाबाट हुने अवस्था नभएमा समानुपातिक निर्वाचन अन्तर्गतको व्यवस्थाबाट हुनेगरी कानुनद्वारा व्यवस्था गरिनेछ । प्रदेश सभाका सदस्यहरूको निर्वाचन क्षेत्र तथा सङ्ख्या निर्धारणका आधारहरू कानुनद्वारा व्यवस्था गरिनेछ । | २) प्रदेश सभामा प्रत्यक्ष तथा समानुपातिक निर्वाचनबाट निर्वाचित हुने जम्मा सदस्य सङ्ख्याको कम्तीमा ५० प्रतिशत सदस्यको प्रतिनिधित्व महिलाबाट हुनुपर्नेछ। प्रत्यक्ष र बन्दसूचीमा पूर्ण समानुपातिक र समावेशिताका आधारमा दुवै निर्वाचन प्रणालीबाट कम्तीमा ५०/५० प्रतिशत जातीय विविधतासहितका महिला प्रतिनिधित्व सुनिश्चित गराउनुपर्नेछ। प्रदेश सभाका सदस्यहरूको निर्वाचन क्षेत्र तथा सङ्ख्या निर्धारणका आधारहरू कानुनद्वारा व्यवस्था गरिनेछ । | महिलाको ५० प्रतिशत निर्वाचित हुने अवस्था सिर्जना गरी उनीहरूको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्न । |
| | | ४९) प्रदेश सभाको सभामुख र उप-सभामुखको व्यवस्था :<br>(१) प्रदेश सभाले आफ्ना सदस्यमध्येबाट एक जना सभामुख र एक जना उप-सभामुखको निर्वाचन गर्नेछ । सभामुख र उप-सभामुखमध्ये एक जना महिला हुनुपर्नेछ । सभामुख तथा उप-सभामुखको पद रिक्त भएमा सभाले आफ्ना सदस्यहरूमध्येबाट निर्वाचन गरी रिक्त स्थानको पूर्ति गर्नेछ । | ४९) प्रदेश सभाको सभामुख र उप-सभामुखको व्यवस्था :<br>(१) प्रदेश सभाले आफ्ना सदस्यमध्येबाट एक जना सभामुख र एक जना उप-सभामुखको निर्वाचन गर्नेछ । सभामुख र उप-सभामुखमध्ये एक जना महिला हुनुपर्नेछ। एक पटक सभामुख पुरुष भए अर्को पटक जातीय विविधतासहितका महिला सभाभुख हुनुपर्नेछ । सभामुख तथा उप-सभामुख पदका लागि उम्मेदवारी गराउँदा समावेशी पक्षलाई पनि ध्यान दिनुपर्नेछ। सभामुख तथा उप-सभामुखको पद रिक्त भएमा सभाले आफ्ना सदस्यहरूमध्येबाट निर्वाचन गरी रिक्त स्थानको पूर्ति गर्नेछ । | महिलाको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्न र लैङ्गिक संवेदनशील बनाउन । |

# ८

## राष्ट्रिय हितको संरक्षण समिति
## (Committee on Preservation of the National Interest)



# राष्ट्रिय हितको संरक्षण समिति

## (Committee on Preservation of the National Interest)

| क्र.स. | विषय | प्रस्तावित व्यवस्था | सुझाव/हुनुपर्ने | कारण |
|---|---|---|---|---|
| ३ | राष्ट्रिय हित : | (१) सार्वभौमसत्ता र राष्ट्रिय अखण्डताको रक्षा, राष्ट्रको स्वतन्त्रता र पहिचान, सहमति र सहकार्यका आधारमा राष्ट्रिय एकता, सामाजिक तथा सांस्कृतिक सामञ्जस्यता, समानुपातिक र समावेशी बहुदलीय लोकतान्त्रिक सङ्घीय गणतन्त्रात्मक राजनैतिक व्यवस्था, आर्थिक समुन्नति र समृद्धि, यातायात, सूचना र प्रविधिको विकास, विभिन्न जात जाति, वर्ग र समूहका बीचमा सामाजिक सद्भाव कायम राखी विभेदरहित, समतामूलक समाजको निर्माण गर्नु नेपालको राष्ट्रिय हितका आधारभूत विषयहरू हुनेछन् । | १) सार्वभौमसत्ता र राष्ट्रिय अखण्डताको रक्षा, राष्ट्रको स्वतन्त्रता र पहिचान, सहमति र सहकार्यका आधारमा राष्ट्रिय एकता, सामाजिक तथा सांस्कृतिक सामञ्जस्यता, समानुपातिक र समावेशी बहुदलीय लोकतान्त्रिक सङ्घीय गणतन्त्रात्मक राजनैतिक व्यवस्था, आर्थिक समुन्नति र समृद्धि, यातायात, सूचना र प्रविधिको विकास, विभिन्न जात जाति, वर्ग लिङ्ग समूहका बीचमा सामाजिक सद्भाव कायम राखी विभेदरहित, समतामूलक समाजको निर्माण गर्नु नेपालको राष्ट्रिय हितका आधारभूत विषयहरू हुनेछन् । | महिलाको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्न र लैङ्गिक संवेदनशील बनाउन । |
| ६ | राज्यको दायित्व | (२) सार्वभौमसत्ता, राष्ट्रिय अखण्डताको रक्षा, राष्ट्रिय एकता र राष्ट्रिय सम्मानको अभिवृद्धि, राष्ट्रिय सुरक्षा र राजनैतिक स्थिरता, प्राकृतिक तथा सांस्कृतिक सम्पदा एवं महिला, दलित, आदिवासी, लोपोन्मुख जाति, जनजाति, मुस्लिम, मधेसी, समुदायको भाषा, धर्म, संस्कृतिको संरक्षण एवं संवर्धन, आर्थिक समुन्नति, गरिबी उन्मूलन, विभेदरहित समाजको निर्माण, सबै वर्ग, जाति, लिङ्ग, वृद्ध, अपाङ्ग, बालबालिका र अल्पसङ्ख्यक, सीमान्तीकृत समुदाय र क्षेत्रका नागरिकको अधिकारको सुनिश्चितता, कानुनको शासन, पञ्चशीलको सिद्धान्त र विश्व शान्तिको पक्षपोषण गर्दै नेपालको स्वतन्त्रता, नेपाली जनताको स्वाभिमानको रक्षा र पहिचान अन्तरराष्ट्रिय जगतमा अभिवृद्धि गरी राष्ट्रिय हित प्रवर्धन गर्न प्रत्येक नागरिकले आफूमा रहेको सीप, ज्ञान र धारणा राष्ट्र हितका लागि समर्पण गर्न पाउने वातावरण सिर्जना गर्ने नीति लिनेछ । | राज्यको दायित्वमा चार बुँदा भएकोमा पाँचौं पनि समावेश गर्ने<br>५. राज्यले देशको प्राकृतिक स्रोत र सांस्कृतिक सम्पदा संरक्षणमा आदिवासी जनजाति स्थानीय समुदायका महिला, भूमिहीन र विपन्न वर्गका व्यक्तिहरूको सहभागितालाई प्रोत्साहित गर्ने र त्यस्तो सम्पदाको संरक्षण र संवर्धनबाट प्राप्त लाभमा समन्यायिक पहुँचको अधिकारलाई सुनिश्चित गर्ने नीति अवलम्बन गर्नेछ । | आदिवासी जनजातिसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्र, अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासन्धि, १६९ र जैविक विविधता महासन्धिले प्राकृतिक स्रोतबाट हुने लाभको समन्यायिक वितरण हुनुपर्ने । |

| | | | | |
|---|---|---|---|---|
| ८ | राज्यका नीति | (छ) राज्यले आदिवासी जनजातिको जैविक तथा सांस्कृतिक स्रोतसम्बन्धी परम्परागत ज्ञान, सीप, अनुसन्धान र अभ्यासको पहिचान, संरक्षण र संवर्धन गरी त्यस्तो ज्ञान, सीप र अभ्यासबाट प्राप्त लाभमा सम्बन्धित समुदायको हक सुनिश्चित गर्ने नीति लिनेछ । | यो विषयलाई यस भागमा समावेश नगरी मौलिक हकमा राख्नुपर्ने । | नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अनुबन्ध, सामाजिक आर्थिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अनुबन्ध, आदिवासी जनजातिसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्र, अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासन्धि १६९ र जैविक विविधता महासन्धिले आदिवासी जनजातिको जैविक तथा सांस्कृतिक स्रोतसम्बन्धी परम्परागत ज्ञान, सीप, अनुसन्धान र अभ्यासको पहिचान, संरक्षण र संवर्धन गरी त्यस्तो ज्ञान, सीप, अनुसन्धान र अभ्यासको पहिचान, संरक्षण र संवर्धन गरी त्यस्तो ज्ञान, सीप र अभ्यासलाई मौलिक अधिकारको रूपमा पहिचान गरेकाले । |
| | | १०. नेपालले राष्ट्रहरूबीचको विवाद युद्धबाट समाधान गर्ने कुनै पनि प्रयासमा एक राष्ट्रले अर्को राष्ट्रको क्षेत्रीय अखण्डता र स्वतन्त्रताको विरुद्ध गरिएको कुनै पनि शक्ति र धम्कीको प्रयोगको विरोध गर्ने नीति अवलम्बन गर्नेछ । | १०. नेपालले राष्ट्रहरूबीचको विवाद युद्धबाट समाधान गर्ने कुनै पनि प्रयासमा एक राष्ट्रले अर्को राष्ट्रको क्षेत्रीय अखण्डता र स्वतन्त्रताको विरुद्ध गरिएको कुनै पनि शक्ति र धम्कीको प्रयोगलाई समाधान गर्न पञ्चशीलको सिद्धान्त बमोजिम विरोध गर्ने नीति अवलम्बन गर्नेछ | परराष्ट्रसम्बन्धी नीतिमा पञ्चशीलको सिद्धान्तलाई नेपालले प्रयोग गर्न आवश्यक भएको । |
| १० | नेपाली राजदूत र विशेष प्रतिनिधि | राष्ट्र प्रमुख वा मन्त्रिपरिषद्को सिफारिशमाराष्ट्र प्रमुखले नेपाली राजदूत र कुनै खास प्रयोजनका लागि विशेष प्रतिनिधि नियुक्त गर्नसक्नेछ । | राष्ट्र प्रमुख वा मन्त्रिपरिषद्को सिफारिशमा राष्ट्र प्रमुखले नेपाली राजदूत र कुनैखास प्रयोजनका लागि विशेष प्रतिनिधि नियुक्त गर्नसक्नेछ । यसरी नियुक्ति गर्ने प्रक्रिया लैङ्गिक रूपमा समानुपातिक र समावेशी हुनुपर्नेछ । | नीति निर्माण र निर्णय प्रक्रियामा महिलाको पहुँच बढाउनका लागि । |
| ११ | सन्धि सम्पन्न गर्ने अधिकार | २. प्रदेशलाई प्रत्यक्ष असर पर्ने वा प्रदेशको क्षेत्राधिकारभित्रको विषयमा सन्धि वा सम्झौता गर्दा केन्द्र/सङ्घले सम्बन्धित प्रदेशको सहमति लिनेछ । | २) प्रदेशलाई प्रत्यक्ष असर पर्ने वा प्रदेशको क्षेत्राधिकारभित्रको विषयमा सन्धि वा सम्झौता गर्दा केन्द्र/सङ्घले सम्बन्धित प्रदेशको सहमति लिनेछ । (यस विषयमा प्रादेशिक सरकारले आफ्नो प्रदेशभित्र रहेका स्थानीय समुदायहरूसँग आवश्यक परामर्श गर्नेछ ।<br>आदिवासी जनजाति महिलाहरूको सरोकार रहने तथा प्रभावित पार्ने विषयमा सन्धि सम्झौता गर्दा उनीहरूको अग्रिम सुसूचित स्वतन्त्र सहमति लिइने छ । | आदिवासी जनजातिसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्र, अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासन्धि, १६९ र जैविक विविधता महासन्धिले पूर्व, सूसूचित मञ्जुरीको व्यवस्था गरे अनुरूप । |

| | | | | |
|---|---|---|---|---|
| १८ | आत्मनिर्णयको अधिकार | नेपालको सङ्घीय शासन प्रणाली स्वायत्त शासन व्यवस्थाको सिद्धान्तमा आधारित भई सञ्चालन हुनेछ । सार्वभौमसत्ता, अखण्डता र राष्ट्रिय एकताको प्रतिकूल नहुने गरी प्रत्येक प्रान्त/प्रदेश र स्थानीय सरकारलाई यस संविधानमा व्यवस्था भए बमोजिम आफ्नो प्रादेशिक क्षेत्रभित्रका समुदाय जनताको राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक विकास तथा प्राकृतिक सम्पदाको संवर्धन, संरक्षण र उपयोग गर्ने पूर्ण आत्मनिर्णयको अधिकार रहनेछ । | नेपालको सङ्घीय शासन प्रणाली स्वायत्त शासन व्यवस्थाको सिद्धान्तमा आधारित भई सञ्चालन हुनेछ । सार्वभौमसत्ता, अखण्डता र राष्ट्रिय एकताको प्रतिकूल नहुने गरी प्रत्येक प्रान्त/प्रदेश र स्थानीय सरकारलाई यस संविधानमा व्यवस्था भए बमोजिम आफ्नो प्रादेशिक क्षेत्रभित्रका आदिवासी, जनजाति, मधेशी, दलित, मुस्लिम, अल्पसङ्ख्यक समुदायका जनताको राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक विकास तथा प्राकृतिक सम्पदाको संवर्धन, संरक्षण र उपयोग गर्ने पूर्ण आत्मनिर्णयको अधिकार रहनेछ । | वर्ण/जात/जाति, धर्म तथा अन्य किसिम पछाडि पारिएका आदिवासी जनजाति, मधेशी दलित, मुस्लिम, अल्पसङ्ख्यक समुदायक जनताको आत्मनिर्णयको अधिकारको पहिचानको लागी । |
| २३ | सैनिक सेवा आयोगको गठन | नेपाली राष्ट्रिय सेनाको नियुक्ति र पदोन्नतिका लागि कानुनमा व्यवस्था भए बमोजिमको एक सैनिक सेवा आयोग गठन गरिनेछ । | क) नेपाली राष्ट्रिय सेनाको नियुक्ति र पदोन्नतिका लागि कानुनमा व्यवस्था भए बमोजिमको एक सैनिक सेवा आयोग गठन गरिनेछ । यसरी गठन हुने आयोगमा जातीय विविधतासहितको लैङ्गिक समानुपातिक र समावेशी बनाउनुपर्नेछ ।<br>ख) सम्पूर्ण सुरक्षा निकायमा महिलाको समानुपातिक सहभागिता बनाउनुपर्नेछ ।<br>ग) सम्पूर्ण सुरक्षा निकायको भर्ना प्रक्रियामा क्षेत्रीय, जातीय सन्तुलन कायम गर्नु पर्नेछ । | नीति निर्माण र निर्णय प्रक्रियामा महिलाको पहुँच बढाउनका लागि । |

# ९

## संवैधानिक समिति
## (Constitutional Committee)



## संवैधानिक समिति

(Constitutional Committee)

| क्र.स. | विषय | प्रस्तावित व्यवस्था | सुझाव/हुनुपर्ने | कारण |
|---|---|---|---|---|
| १ | प्रस्तावना | सामन्ती, निरङ्कुश, केन्द्रीकृत, एकात्मक र पितृसत्तात्मक राज्य व्यवस्थाले सिर्जना गरेका विभेद र उत्पीडनको पीडालाई स्मरण गर्दै, | सामन्ती, निरङ्कुश, केन्द्रीकृत, एकात्मक, एकल भाषिक तथा धार्मिक नीति र पितृसत्तात्मक राज्य व्यवस्थाले सिर्जना गरेका विभेद बहिष्करण, सीमान्तीकरण र उत्पीडनको पीडालाई अन्त्य गर्दै, | विगतमा भएका केन्द्रीकृत, एकात्मक, एकल भाषिक तथा धार्मिक नीतिले आदिवासी जनजाति, आदिवासी जनजाति तथा मुसलमान महिला, मधेशी, दलित, मुसलमान, महिलालाई भेदभाव गरेका कारण । |
| | | जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक समानुपातिक समावेशी शासन व्यवस्था, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, प्रेस स्वतन्त्रता, सक्षम, निष्पक्ष र स्वतन्त्र न्यायपालिका तथा कानूनी राज्यको अवधारणा लगायतका लोकतान्त्रिक मूल्य र मान्यतालाई अवलम्बन गरी समाजवादको आधार निर्माण गर्न प्रतिवद्ध रहदै, | जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक समानुपातिक समावेशी शासन व्यवस्था, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, महिला अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, प्रेस स्वतन्त्रता, सक्षम, निष्पक्ष र स्वतन्त्र न्यायपालिका तथा कानूनी राज्यको अवधारणा लगायतका लोकतान्त्रिक मूल्य र मान्यतालाई अवलम्बन गरी समाजवादको आधार निर्माण गर्न प्रतिवद्ध रहदै, | विविधता सहितको महिलाको अधिकार सुनिश्चित गर्न । |
| | | राष्ट्रिय अखण्डतालाई अक्षुण्ण राखी जनताको आत्मनिर्णयको अधिकार, स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसात् गर्दै | राष्ट्रिय अखण्डतालाई अक्षुण्ण राखी व्यक्ति वा समूहको आत्मनिर्णयको अधिकार, स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसात् गर्दै, | आदिवासी जनजाति समुदायको सामूहिक अधिकारको सुनिश्चितताका लागि । |
| | | वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक र वर्णव्यवस्था, जातपात र छुवाछुतलगायत सबै प्रकारका विभेदको अन्त्य गरी आर्थिक समानता, सम्पन्नता र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक मान्यताका आधारमा समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प गर्दै; | वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक र वर्णव्यवस्था, जातपात र छुवाछुतलगायत सबै प्रकारका विभेदको अन्त्य गरी आर्थिक समानता, सम्पन्नता र समाजिक न्याय सुनिश्चित गर्न पहिचानसहितको पूर्ण समानुपातिक समावेशी सहभागितामूलक मान्यताका आधारमा लैङ्गिक साझेदारीयुक्त समतामूलक समाजको | महिलाभित्रका विविधतालाई मान्यता प्रदान गर्न । |

| | | | | |
|---|---|---|---|---|
| ६ | संविधान संशोधन | २) उपधारा (१) को अधीनमा रही यस संविधानको कुनै धारालाई संशोधन वा खारेज गर्ने विधेयक सङ्घीय विधायिकाको कुनै पनि सदनमा प्रस्तुत गर्न सकिनेछ । त्यस्तो विधेयक नेपाल सरकार, तोकिएबमोजिमको न्यूनतम सङ्ख्याका सदस्यहरू वा कुनै सङ्घीय एकाइका विधायिकाबाट पेश हुनसक्नेछ । | (२) उपधारा (१) को अधीनमा रही यस संविधानको कुनै धारालाई संशोधन वा खारेज गर्ने विधेयक सङ्घीय विधायिकाको कुनै पनि सदनमा प्रस्तुत गर्न सकिनेछ । सङ्घीय एकाइको विधायिकाको एक तिहाइ सदस्य सङ्ख्याले प्रस्ताव पेश गर्नुपर्ने र पारित गर्न दुई तिहाइ हुनुपर्नेछ । | जनताले संविधान निर्माण गर्दा स्थापित गरेका आधारभूत मूल्य र मान्यताहरुको प्रतिकूल हुने गरी सजिलै संग संशोधनको माध्यमबाट परिवर्तन नगरी आवश्यकता अनुरुपमात्र परिवर्तन गर्नको लागी । |
| ७ | राजनैतिक दल | ९) राजनैतिक दलको गठन, दर्ता र सञ्चालन:<br>४(ग) विभिन्न स्तरका कार्यकारिणी समितिमा नेपालको विविधतालाई प्रतिविम्बित गर्ने गरी समावेशी सहभागिताको व्यवस्था गरिएको हुनु पर्छ, | ९) राजनैतिक दलको गठन, दर्ता र सञ्चालन:<br>४ (ग) राजनैतिक दलका विभिन्न स्तरका कार्यकारिणी समितिमा पहिचान सहितको पूर्ण समानुपातिक महिला प्रतिनिधित्व सुनिश्चित गर्दै नेपालको विविधतालाई प्रतिविम्बित गर्ने गरी समावेशी सहभागिताको व्यवस्था गरिएको हुनु पर्छ।<br>थप्नु पर्ने<br>७) राजनैतिक दलका रूपमा दर्ता भएका राजनैतिक दलका महिला सङ्गठनहरूलाई केन्द्रीय, स्थानीय र प्रदेशिक सरकारले अनिवार्य रूपमा आर्थिक अनुदान दिनुपर्ने र उक्त अनुदानको सार्वजनिक लेखापरीक्षण हुनुपर्ने ।<br>यो व्यवस्था नराख्दै राम्रो हुने । यसको सट्टा राजनीतिक पार्टीहरूले महिलाको सहभागिता र क्षमता अभिवृद्धि गर्नुपर्ने वाध्यात्मक व्यवस्था गरे राम्रो हुने । | सरकारी संयन्त्रमा मात्र नभएर राजनैतिक दलमा समेत महिलाको समानुपातिक समावेशी प्रतिनिधित्व आवश्यक रहेकोले ।<br>राजनैतिक दलका महिला सङ्गहरूको क्षमता अभिवृद्धि गर्न र उनीहरूलाई आर्थिक रूपले सक्षम बनाउन ।<br>जनताको करको दुरूपयोग गरी राजनीतिक स्वार्थ पूर्ति गर्ने व्यवस्था देखिन्छ । |
| ९ | विविध | १५. नेपाली राजदूत र विशेष प्रतिनिधि :<br>मन्त्रिपरिषद्को सिफारिशमा राष्ट्रप्रमुखले समानुपातिक समावेशी सिद्धान्तका आधारमा नेपाली राजदूत र कुनै खास प्रयोगजनका लागि विशेष प्रतिनिधि नियुक्त गर्नसक्नेछ । | १५) नेपाली राजदूत र विशेष प्रतिनिधि :<br>मन्त्रिपरिषद्को सिफारिशमा राष्ट्रप्रमुखले लैङ्गिक र पहिचानसहितको पूर्ण समानुपातिक समावेशी सिद्धान्तका आधारमा नेपाली राजदूत र कुनै खास प्रयोजनका लागि विशेष प्रतिनिधि नियुक्त गर्नसक्नेछ । यसरी नियुक्ति गर्दा महिलाको समानुपातिक सहभागिता सुनिश्चित गरिनेछ | नीति निर्माण र निर्णय प्रक्रियामा महिलाको पहुँच बढाउनका लागि । |

# १०

## राज्यको शासकीय स्वरूप निर्धारण समिति
## (Committee for Determining the Form of Governance of State)



## राज्यको शासकीय स्वरुप निर्धारण समिति

(Committee for Determining the Form of Governance of State)

| क्र.स. | विषय | प्रस्तावित व्यवस्था | सुझाव/हुनुपर्ने | कारण |
|---|---|---|---|---|
| २ | राष्ट्रपति | (१) नेपालमा एकजना राष्ट्रपति रहनेछ । | (१) नेपालमा एकजना राष्ट्राध्यक्ष रहनेछ । | लैङ्गिक संवेदनशील भाषाको प्रयोग । |
| ३ | राष्ट्रपतिको निर्वाचन | (१) वालिग मताधिकारको आधारमा प्रत्यक्ष मतदानबाट राष्ट्रपतिको निर्वाचन पाँच वर्षको लागि गरिनेछ । <br> तर एउटै व्यक्ति दुईपटक भन्दा बढी राष्ट्रपति हुन पाउने छैन । | (१) वालिग मताधिकारको आधारमा प्रत्यक्ष मतदानबाट राष्ट्राध्यक्षको निर्वाचन पाँच वर्षको लागि गरिनेछ । <br> तर एउटै व्यक्ति दुईपटक भन्दा बढी राष्ट्राध्यक्ष हुन पाउने छैन । राष्ट्राध्यक्ष र उपराष्ट्राध्यक्ष मध्ये एक जना महिला हुनुपर्नेछ । एक पटक राष्ट्राध्यक्ष पुरुष भए अर्को पटक महिला राष्ट्राध्यक्ष हुनुपर्नेछ । राष्ट्राध्यक्ष तथा उपराष्ट्राध्यक्ष पदका लागि उम्मेदवारी गराउँदा जातीय विविधतासहितको समावेशी पक्षलाई पनि ध्यान दिनुपर्नेछ । | लैङ्गिक संवेदनशील भाषाको प्रयोग । <br> नीति निर्माण , निर्णय प्रक्रियामा महिलाको पहुँच बढाई महिलाको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्न । |
| ५ | उपराष्ट्रपतिको निर्वाचन | १) राष्ट्रपतिको उम्मेदवारले आफ्नो मनोनयन पत्र दर्ता गर्दाकै अवस्थामा आफूभन्दा अलग राष्ट्रियता, क्षेत्र र लिङ्गको एकजना व्यक्तिलाई उपराष्ट्रपतिको रूपमा प्रस्तावित गर्नुपर्नेछ । <br> (२) राष्ट्रपतिको उम्मेदवार मध्ये जुन उम्मेदवार विजयी हुन्छ सोही उम्मेदवारले प्रस्तावित गरेको व्यक्तिलाई उपराष्ट्रपति घोषित गरिनेछ । | १) राष्ट्राध्यक्षको उम्मेदवारले आफ्नो मनोनयन पत्र दर्ता गर्दाकै अवस्थामा आफूभन्दा अलग राष्ट्रियता, क्षेत्र र लिङ्गको एकजना व्यक्तिलाई उपराष्ट्रपतिको रूपमा प्रस्तावित गर्नुपर्नेछ । <br> (२) राष्ट्राध्यक्षको उम्मेदवार मध्ये जुन उम्मेदवार विजयी हुन्छ सोही उम्मेदवारले प्रस्तावित गरेको व्यक्तिलाई उपराष्ट्राध्यक्ष घोषित गरिनेछ । एक पटक उपराष्ट्राध्यक्ष पुरुष भए अर्को पटक जातीय विविधतासहितका महिला उप राष्ट्राध्यक्ष हुनुपर्नेछ । राष्ट्राध्यक्ष तथा उपराष्ट्राध्यक्ष पदका लागि उम्मेदवारी गराउँदा समावेशी पक्षलाई पनि ध्यान दिनुपर्नेछ । | लैङ्गिक संवेदनशील भाषाको प्रयोग । <br> नीति निर्माण, निर्णय प्रक्रियामा महिलाको पहुँच बढाई महिलाको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्न । |

| | | | | |
|---|---|---|---|---|
| | | प्रादेशिक कार्यकारिणी | | |
| ७ | प्रादेशिक मन्त्रिपरिषदको गठन | (१) संविधानको धारा ८ बमोजिम मुख्यमन्त्रीको नियुक्ति हुनेछ र निजको अध्यक्षतामा प्रादेशिक मन्त्रिपरिषदको गठन हुनेछ ।<br>(२) मन्त्रिपरिषदमा आवश्यकता अनुसार उप मुख्यमन्त्री र अन्य मन्त्रीहरू रहने छन् ।<br>स्पष्टीकरण: यस धाराको प्रयोजनका लागि मन्त्री भन्नाले मन्त्रालयको छुट्टै कार्यभार सम्हाल्ने राज्यमन्त्री समेतलाई जनाउँछ । | (१) संविधानको धारा ८ बमोजिम मुख्यमन्त्रीको नियुक्ति हुनेछ र निजको अध्यक्षतामा प्रादेशिक मन्त्रिपरिषदको गठन हुनेछ<br>(२) मन्त्रिपरिषदमा आवश्यकता अनुसार उप मुख्यमन्त्री र अन्य मन्त्रीहरू रहने छन् । यसरी उपमुख्यमन्त्री, मन्त्रिहरु नियुक्ति गर्दा पूर्ण समावेशी र ५० प्रतिशत जातीय विविधतासहितका महिलाको समानुपातिक सहभागिता हुनुपर्नेछ । | नीति निर्माण , निर्णय प्रक्रियामा महिलाको पहुँच बढाई महिलाको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्न । |
| | | स्थानिय कार्यकारिणी | | |
| ५ | स्थानिय कार्यकारिणी स्थानीय सरकारको कार्यकारिणी अङ्गको गठनसम्बन्धी व्यवस्था | (१) प्रत्येक स्थानीय सरकारको कार्यकारिणी अङ्गमा आवश्यकता अनुसार अध्यक्ष र उपाध्यक्ष सहित महानगरको हकमा ५ देखि ११ जना, उपमहानगर र नगरको हकमा ५ देखि ९ जना सम्म र गाउँको हकमा ५ देखि ७ जनासम्म सदस्यहरू रहनेछन् । | (१) प्रत्येक स्थानीय सरकारको कार्यकारिणी अङ्गमा आवश्यकता अनुसार अध्यक्ष र उपाध्यक्ष सहित महानगरको हकमा ५ देखि ११ जना, उपमहानगर र नगरको हकमा ५ देखि ९ जना सम्म र गाउँको हकमा ५ देखि ७ जनासम्म सदस्यहरू रहनेछन् । यसरी नियुक्ति गर्दा पूर्ण समावेशी र ५० प्रतिशत जातीय विविधतासहितका महिलाको समानुपातिक सहभागिता हुनुपर्नेछ । | नियुक्ति गर्दा पूर्ण समावेशी र ५० प्रतिशत महिलाको समानुपातिक सहभागिता हुनुपर्नेछ । |
| | | शुसासन र सरकारी सेवाको गठन सम्वन्धमा | | |
| ५ | निर्वाचन क्षेत्र निर्धारण आयोग | निर्वाचन क्षेत्र निर्धारण आयोग :<br>(१) संघीय तथा प्रादेशिक व्यवस्थापिकाको आवधिक निर्वाचन गर्ने प्रयोजनको लागि निर्वाचन क्षेत्र निर्धारण गर्न मन्त्रिपरिषद्को सिफरिसमा राष्ट्रप्रमुखले एक निर्वाचनक्षेत्र निर्धारण आयोगको गठन गर्न सक्नेछ । जसमा देहाय बमोजिमका अध्यक्ष र सदस्यहरू रहने छन् :-<br>(क) सर्वोच्च अदालतको सेवा निवृत्त न्यायाधिश अध्यक्ष<br>(ख) भूगोलविद सदस्य<br>(ग) समाजशास्त्री, मानवशास्त्री सदस्य<br>(घ) प्रशासनविद सदस्य<br>(ङ) नेपाल सरकारको विशिष्ट श्रेणीको अधिकृत सचिव | निर्वाचन क्षेत्र निर्धारण आयोग :<br>(१) संघीय तथा प्रादेशिक व्यवस्थापिकाको आवधिक निर्वाचन गर्ने प्रयोजनको लागि निर्वाचन क्षेत्र निर्धारण गर्न मन्त्रिपरिषद्को सिफरिसमा पूर्ण समावेशी र समानुपातिक महिला प्रनिधित्व सुनिश्चित गर्दै राष्ट्रप्रमुखले एक निर्वाचनक्षेत्र निर्धारण आयोगको गठन गर्न सक्नेछ । जसमा देहाय बमोजिमका अध्यक्ष र सदस्यहरू रहने छन् :-<br>(क) सर्वोच्च अदालतको सेवा निवृत्त न्यायाधिश अध्यक्ष<br>(ख) भूगोलविद सदस्य<br>(ग) समाजशास्त्री, मानवशास्त्री सदस्य<br>(घ) प्रशासनविद सदस्य<br>(ङ) नेपाल सरकारको विशिष्ट श्रेणीको अधिकृत सचिव | नीति निर्माण र निर्णय प्रक्रियामा महिलाको पहुँच बढाउनका लागि |

११

# राज्यको पुनःसंरचना र राज्यका शक्तिको बाँडफाँड समिति

## (Committee for Restructuring the State and Distribution of the State Power)



## राज्यको पुनःसंरचना र राज्यका शक्तिको बाँडफाँड समिति

(Committee for Restructuring the State and Distribution of the State Power)

| क्र.स. | विषय | प्रस्तावित व्यवस्था | सुझाव/हुनुपर्ने | कारण |
|---|---|---|---|---|
| १२ | आत्मनिर्णयको अधिकार | (१) आदिवासी, आदिवासी जनजाति, आन्तरिक र स्थानीय रूपमा राजनीति, संस्कृति, धर्म, भाषा, शिक्षा, सूचना, सञ्चार, स्वास्थ्य, बसोबास, रोजगारी, सामाजिक सुरक्षा, आर्थिक क्रियाकलाप, वाणिज्य, भूमि, स्रोतसाधनको परिचालन तथा वातावरणसम्बन्धी अधिकारका रूपमा आत्मनिर्णयको अधिकार रहनेछ । यी विषयमा कानुन बनाई निश्चित गरिनेछ । | १. स्थानीयवासी, आदिवासी जनजाति, मधेसी, मुस्लिम, अल्पसङ्ख्यक, सीमान्तीकृत र दुर्गम क्षेत्रका समुदायको आत्मनिर्णयको अधिकारमा (आर्थिक, सामाजिक, सांस्कृतिक विकास हासिल गर्न सक्नेछन्) र आत्मनिर्णय प्रयोग गर्दा आदिवासी मधेसी, अल्पसङ्ख्यक, सीमान्तीकृत र दुर्गम क्षेत्रका समुदायलाई आफ्नो आन्तरिक र स्थानीय विषयहरूमा स्वायत्तता र स्वकार्यका लागि वित्तीय व्यवस्था र साधनहरूको समेत अधिकार हुनेछ । | विभिन्न समुदायको आत्मनिर्णयको पहिचान । |
| १४ | महिलाको अधिकार | (१) महिलामा देहाय बमोजिमका समान अधिकार रहनेछन् :<br>(क) पैतृक सम्पत्ति, नागरिकता, वंशज तथा पारिवारिक मामिलामा पुरुष सरह समान अधिकार,<br>(ख) कानुनको दृष्टिमा समान संरक्षण र लाभ प्राप्त गर्ने अधिकार,<br>(ग) समान कामका लागि समान पारिश्रमिक पाउने अधिकार,<br>घ) सम्बन्धविच्छेदको अधिकार । | १) महिलामा देहाय बमोजिमका समान अधिकार रहनेछन् :<br>क) पैतृक सम्पत्ति, नागरिकता, वंशज तथा पारिवारिक मामिलामा पुरुष र महिलाको समान अधिकार,<br>ख) कानुनको दृष्टिमा समान संरक्षण र लाभ प्राप्त गर्ने अधिकार,<br>(ग) समान कामका लागि समान पारिश्रमिक पाउने अधिकार,<br>(घ) सम्बन्धविच्छेदको अधिकार । | लैङ्गिक समानता स्थापित गर्नका लागि । |
| | | ४) उपधारा (१) र (२) मा उल्लेखित अधिकारका अलावा महिलाहरुलाई देहायका क्षेत्रमा निम्न लिखित विशेष अधिकार र अवसरको सुनिश्चितता गरिने छ । | (४) उपधारा (१) र (२) मा उल्लेखित अधिकारका अलावा जातीय विविधता र विभिन्न वर्गका महिलाको पूर्ण समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्ने र यस्तोमा निम्न तथा उत्पीडित वर्गका महिलालाई प्राथमिकता | लैङ्गिक समानता स्थापित गर्नका लागि । |

| | | | | |
|---|---|---|---|---|
| | | (क) राज्यका सम्पूर्ण तह र संरचनामा जनसंख्याको आधारमा समावेशी सहितको समानुपातिक प्रतिनिधित्वको अधिकार हुनेछ ।<br>(ख) शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षाको क्षेत्रमा विशेष अधिकार हुने छ<br>(ग) नीति निर्माणको तहमा रहने नेतृत्वदायी पदमा महिलाको समानुपातिक प्रतिनिधित्व र सहभागिताको विशेष व्यवस्था गरिने छ । | दिदै देहायका क्षेत्रमा निम्न लिखित विशेष अधिकार र अवसरको सुनिश्चितता गरिने छ ।<br>(क) राज्यका सम्पूर्ण तह र संरचनामा जनसंख्याको आधारमा समावेशी सहितको समानुपातिक प्रतिनिधित्वको अधिकार हुनेछ ।<br>(ख) शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षाको क्षेत्रमा विशेष अधिकार हुने छ ।<br>ग) नीति निर्माणको तहमा रहने नेतृत्वदायी पदमा महिलाको समानुपातिक प्रतिनिधित्व र सहभागिताको विशेष व्यवस्था गरिने छ । | |
| १६ | आयोगसम्बन्धी व्यवस्था | (१) नेपालमा एक सङ्घीय महिला आयोग रहनेछ । त्यस्तो आयोग प्रदेशमा पनि गठन गरिनेछ । | (१) नेपालमा एक सङ्घीय महिला आयोग रहनेछ । त्यस्तो आयोग प्रदेशमा पनि गठन गरिनेछ । संघिय महिला आयोग र प्रदेश महिला आयोगमा विभिन्न वर्गका महिलाको पूर्ण समानुपातिक प्रतिनिधित्व सुनिश्चित गरिनेछ । यस्तो आयोगमा निम्न तथा उत्पीडित बर्गका महिलालाई प्राथमिकता दिइने छ । | महिला आयोगलाई अधिकारसम्पन्न बनाउन । |
| १८ | लोपोन्मुख जाति/समुदायको अधिकार | (१) राज्यले सङ्घीय संरचनाका सबै तहमा कानुनद्वारा निर्धारित लोपोन्मुख जाति/समुदायको प्रतिनिधित्व, सहभागिता र विकासलाई कानुन बनाई विशेष संरक्षण गर्ने नीति अबलम्बन गर्नेछ । | (१) राज्यले सङ्घीय संरचनाका सबै तहमा कानुनद्वारा निर्धारित लोपोन्मुख जाति/समुदायको प्रतिनिधित्व, सहभागिता र विकासलाइ विशेष प्राथमिकता दिनेछ । | कानुन बनाई लागू हुने नीति राख्दा कार्यान्वयमा ढिलाइ हुने कारण 'विषेश प्राथमिकता दिनेछ' राख्नुपर्ने । |
| १९ | विशेष अधिकारको समीक्षा तथा पुनरावलोकन | महिला तथा दलित समुदायको विशेष अधिकारको व्यवस्थाको कार्यान्वयन र त्यसको प्रभावका सम्बन्धमा मानव विकास सूचकाङ्का आधारमा प्रत्येक १० वर्षमा गरिने राष्ट्रिय जनगणनासँगै नेपाल सरकारले समीक्षा तथा पुनरावलोकन गर्नेछ । | आदिवासी जनजाति, मधेसी, अल्पसङ्ख्यक, सीमान्तीकृत महिला तथा दलित समुदायको विशेष अधिकारको व्यवस्थाको कार्यान्वयन र त्यसको प्रभावका सम्बन्धमा मानव विकास सूचकाङ्का आधारमा प्रत्येक १० वर्षमा गरिने राष्ट्रिय जनगणनासँगै नेपाल सरकारले समीक्षा तथा पुनरावलोकन गर्नेछ भन्ने वाक्यांश संविधानको विशेष भागमा रहनुपर्ने | महिलाभित्रको विविधताको पहिचान गर्न र नीति निर्माण र निर्णय प्रक्रियामा महिलाको पहुँच बढाउनका लागि । |

# परिशिष्ट १: महिला सञ्जालको विवरण

राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ (NIWF) का सदस्यहरूको विवरण :

| क. सं. | सदस्यहरुको नाम | पद | संगठनको नाम |
|---|---|---|---|
| १ | चन्द्राकला गुरुङ | अध्यक्ष | राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ |
| | | अध्यक्ष | नेपाल तमु महिला संघ |
| २. | सोनी लामा | महासचिव | राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ |
| | | अध्यक्ष | नेपाल तामाङ महिला घेदुङ |
| ३. | श्याममाया पुन | केन्द्रीय कोषाध्यक्ष | राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ |
| | | अध्यक्ष | नेपाल मगर महिला संघ |
| ४. | सोमा राई | निवर्तमान महासचिव | राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ |
| | | अध्यक्ष | नेपाल किरात महिला संघ |
| ५ | कल्पना कुमाल | अध्यक्ष | कुमाल महिला संघ विकास समिति |
| ६. | चिनिमायाँ माझी | अध्यक्ष | नेपाल माझी महिला उत्थान संघ |
| ७. | भुगोल शेरचन | अध्यक्ष | थकालि महिला संघ |
| ८. | सोनाम पाल्द्यान घले | सभापति | डोल्प महिला संघ |
| ९. | सन्जा दनुवार | सभापति | दनुवार महिला एकता विकास समिति |
| १०. | निमि सेर्पा | सभापति | नेपाल सेर्पा फेडेरेसन |
| ११. | बिना नगरकोटी | सभापति | नेपाल पहाडी महिला विकास संस्था |
| १२. | एक्सरी मेछे | सभापति | मेछे महिला उत्थान संस्था |
| १३. | कुमारी राजवंशी | सभापति | राजवंशी महिला समाज |
| १४ | ससि चेम्जोङ | सभापति | किरात याक्थुङ मान्नेना चुम्लुङ |
| १५. | धम कुमारी छन्त्याल | सभापति | छन्त्याल महिला संघ |
| १६. | मंगल करनजित | सभापति | नेपाल भाषा मिस कला |
| १७. | मनोरमा सुनुवार | सभापति | सुनुवार महिला संघ |
| १८. | फुलमति चौधरी | सभापति | थारु महिला जागरण केन्द्र |
| १९ | छिन्गेप्पा भोटेलामा | सभापति | योल्मो महिला कल्याण मन्च |
| २०. | तोमा लामा | सभापति | मुगुल इन्डोजेनियस उत्थान समाज |
| २१. | वाल्जुङ लामा | सभापति | वालुङ महिला संघ |
| २२. | जयन्ती एट्टेवाल | सभापति | वेशी सौका महिला संघ |
| २३. | गायत्री कुमारी मण्डल | सभापति | धन्नुक महिला संघ |
| २४. | तासी स्याम्बो गुरुङसेनि | सभापति | बाइ गौले छिनि ग्यार्चा महिला समाज |
| २५. | सुमित्रा ताजपुरिया | सभापति | ताजपुरिया महिला उत्थान संघ |
| २६. | गायत्री कुमारी मण्डल | सभापति | नेपाली गन्गाई महिला संघ |
| २७. | विष्णुमायाँ भुजेल | सभापति | भुजेल महिला समाज |
| २८. | शान्ति भिरेल | सभापति | भिरेल महिला समाज सेवा |
| २९. | कृष्ण कुमारी दुरा | सभापति | दुरा महिला समाज |
| ३०. | सोनाम पाल्देन घले | सभापति | पाल्देन डोल्पो महिला समाज |

राष्ट्रिय आदिवासी जनजाति महिला संजाल (NNIW) सदस्यहरूको विवरणः

| क. सं. | सदस्यहरुको नाम | पद | पेशा/संगठनको नाम |
|---|---|---|---|
| १. | मा. सभासद लक्की शेर्पा | अध्यक्ष | राष्ट्रिय आदिवासी जनजाति महिला सञ्जाल |
| २. | यशोकान्ति भट्टचन | उपाध्यक्ष | राष्ट्रिय आदिवासी जनजाति महिला सञ्जाल |
| ३. | कृष्णकुमारी वाइवा | महासचिव | राष्ट्रिय आदिवासी जनजाति महिला सञ्जाल |
| ४. | सिर्जना सुब्बा | सचिव | राष्ट्रिय आदिवासी जनजाति महिला सञ्जाल |
| ५. | बिमला सुनुवार | केन्द्रीय सदस्य | राष्ट्रिय आदिवासी जनजाति महिला सञ्जाल |
| ६. | रिनाकुमारी राई दनुवार | केन्द्रीय सदस्य | राष्ट्रिय आदिवासी जनजाति महिला सञ्जाल |
| ७. | ज्योति भट्टचन | संयोजक | राष्ट्रिय आदिवासी जनजाति महिला सञ्जाल |
| ८. | सुमित्रा बाङदेल | संयोजक | राष्ट्रिय आदिवासी जनजाति महिला सञ्जाल |
| ९. | लिला गुरुङ | संयोजक | राष्ट्रिय आदिवासी जनजाति महिला सञ्जाल |
| १०. | लक्ष्मी राई | केन्द्रीय सल्लाहकार | राष्ट्रिय आदिवासी जनजाति महिला सञ्जाल |
| ११. | रामप्यारी सुनुवार | कानुन विज्ञ तथा संयोजक | राष्ट्रिय आदिवासी जनजाति महिला सञ्जाल |
| १२. | बुद्धश्री लामा | कानुन विज्ञ | राष्ट्रिय आदिवासी जनजाति महिला सञ्जाल |
| १३. | चन्द्रा राई | सदस्य | राष्ट्रिय आदिवासी जनजाति महिला सञ्जाल |
| १४. | संगिता पाखिन | सदस्य | राष्ट्रिय आदिवासी जनजाति महिला सञ्जाल |
| १५. | सरला कुलुङ | सदस्य | राष्ट्रिय आदिवासी जनजाति महिला सञ्जाल |
| १६. | तम्बी कुलुङ | सदस्य | राष्ट्रिय आदिवासी जनजाति महिला सञ्जाल |
| १७. | कमला कुलुङ | सदस्य | नेपाल किरात कुलुङ भाषा संस्कृति |
| १८. | रश्मि गुरुङ | सदस्य | किरात याक्थुङ म्यागेना चुम्लुङ |
| १९. | शोभा लिम्बु | सदस्य | राष्ट्रिय आदिवासी जनजाति महिला सञ्जाल |
| २०. | शशि चेम्जोङ | सदस्य | किरात याक्थुङ म्यागेना चुम्लुङ |
| २१. | चमेली लिम्बु (विराट) | सदस्य | राष्ट्रिय आदिवासी जनजाति महिला सञ्जाल |
| २२. | पानमाया तामाङ | सदस्य | राष्ट्रिय आदिवासी जनजाति महिला सञ्जाल |
| २३. | रामदेवी तामाङ | सदस्य | एकल महिला संघ |
| २४. | डोल्मा शेर्पा | सभापति | शेर्पा विद्यार्थी संघ |
| २५. | चन्दा बुढा | सदस्य | सृष्टि |
| २६. | लाल कुमारी गुरुङ | सदस्य | राष्ट्रिय आदिवासी जनजाति महिला सञ्जाल |
| २७. | मखना पुन | कोषाध्यक्ष | सृष्टि |

रूपान्तरणका लागी महिला एकता (Women Act) सदस्यको विवरणः

| क्र. सं. | जिल्ला | सदस्यहरुको नाम | पद | संगठनको नाम |
|---|---|---|---|---|
| १. | काठमाण्डौ | अन्जु के. सी. | कार्यक्रम सहायक | आमा मिलन केन्द्र |
| २. | काठमाण्डौ | प्रेमा रेग्मी | कार्यकारी सदस्य | ए वि सि नेपाल |
| ३. | काठमाण्डौ | सोमा राई | सह-सचिव | एन आई डब्लु एफ |
| ४ | काठमाण्डौ | आस्था रिजाल | कार्यक्रम सहायक | फेकोफोन |
| ५. | काठमाण्डौ | कल्पना गिरी | सदस्य | पौराखी |
| ६. | काठमाण्डौ | दुर्गा सोब/कमला | | फिडो |
| ७. | काठमाण्डौ | मिना श्रेष्ठ | निर्देशक | एफ एन सि सि आइ |
| ८. | काठमाण्डौ | स्याम्वु सेर्पा | कार्यक्रम सहायक | हिमालयन इन्डोजेनियस महिला सन्जाल |
| ९. | काठमाण्डौ | शुसिला श्रेष्ठ | प्रशासनिक सहायक | जागरण नेपाल |
| १०. | काठमाण्डौ | पुण्य शिला दवाडी | कानुन अधिकृत | काशी सहयोग तथा परामर्श केन्द्र (ल्याक) |
| ११. | काठमाण्डौ | प्रसिश महरा/ सुस्मिता महरा | सदस्य | महिला जागरण केन्द्र |
| १२. | काठमाण्डौ | सुसन/रामकेशरी श्रेष्ठ | कार्यक्रम सहायक | नागरिक आवाज |
| १३ | काठमाण्डौ | विमला सुनुवार | केन्द्रिय सदस्य | महिला राष्ट्रिय सन्जाल |
| १४. | काठमाण्डौ | हरिप्रीया पान्डे/ अजिता अर्याल | समन्वय कर्ता/कार्यक्रम सहायक | एन एन ए जि टि |
| १५. | काठमाण्डौ | रमा आलेमगर | सि डब्लु सि को सचिव | हिमावन्ती |
| १६. | काठमाण्डौ | प्रमिला थापा | कार्यक्रम सहायक | प्रो. पब्लीक |
| १७. | काठमाण्डौ | सुलक्षणा राणा | कार्यक्रम समन्वय कर्ता | साथी |
| १८. | काठमाण्डौ | सुर्य कुमारी श्रेष्ठ | कार्यकारी सदस्य/ महा सचिव | सुरक्षित मातृत्व सन्जाल |
| १९. | काठमाण्डौ | जमुनादेवी लामा | कार्यक्रम समन्वय कर्ता | सम्झौता नेपाल |
| २०. | काठमाण्डौ | धन लामा | कार्यक्रम निर्माता | सञ्चारिका समुह |
| २१. | काठमाण्डौ | सुमिरा श्रेष्ठ | कार्यक्रम सहायक | एकल महिला समुह |
| २२. | काठमाण्डौ | सुकुमाया बोहरा | सभापती | स्त्री शक्ति |
| २३. | काठमाण्डौ | जानकी शाह | समन्वयकर्ता | टेवा |
| २४. | काठमाण्डौ | उर्मिला श्रेष्ठ | कार्यक्रम सहायक | टेवा |
| २५. | काठमाण्डौ | कल्पना खड्का | - | वाङ्मा |
| २६. | काठमाण्डौ | शर्मिला/गंगा भण्डारी | - | वाच |
| २७. | काठमाण्डौ | इन्द्र कुमारी गुरुङ | सभापति | वेभ |
| २८. | काठमाण्डौ | प्रो. राधा शर्मा | कार्यकारी सदस्य | दक्षिण एशियाली महिला राजनीति कार्यालय |
| २९. | काठमाण्डौ | चादनि वैद्य | कार्यकारी सदस्य | |
| ३०. | काठमाण्डौ | कुशुम भट्टचन | सह-सचिव | टि. डब्लु ए. |
| ३१. | काठमाण्डौ | भुपु शेरचन | अध्यक्ष | टि. डब्लु ए. |
| ३२. | काठमाण्डौ | मन्जला झाँ | केन्द्रिय सदस्य | सिविल समाज |
| ३३ | काठमाण्डौ | शान्ति महत्तो | अध्यक्ष | मधेशी महिला समाज |
| ३४. | काठमाण्डौ | शरस्वती चौधरी | अध्यक्ष | थारु महिला जागरण केन्द्र |
| ३५. | काठमाण्डौ | सिमा खाँन | अध्यक्ष | एन. एम. डब्लु डब्लु एस |
| ३६. | काठमाण्डौ | मिली श्रेष्ठ | व्यावस्थापक | सफ्ट एज नेपाल |
| ३७. | काठमाण्डौ | विजया वैद्य | स्वतन्त्र सहायक | |
| ३८. | काठमाण्डौ | रोसनि कर्माचार्य | समन्वयकर्ता | स्टेप नेपाल |
| ३९. | काठमाण्डौ | मिलु थापा/पुष्पा श्रेष्ठ | - | महिला सिर्जना केन्द्र |
| ४०. | काठमाण्डौ | मिरा राणा | स्वतन्त्र | |
| ४१. | काठमाण्डौ | सिर्जना अधिकारी | समन्वयकर्ता | रुपान्तरणका लागी महिला एकता |

## महिला लोकतान्त्रिक सञ्जाल (WDN) : सदस्यको विवरणः

| क्र.सं. | जिल्ला | पदाधिकारीको नाम | पद | पार्टी/संस्था | जम्मा सदस्य |
|---|---|---|---|---|---|
| | **राष्ट्रिय** | **उर्मिला अर्याल** | **अध्यक्ष** | **एमाले** | **१६** |
| १ | पाँचथर | गंगामाया अन्दम्बे | अध्यक्ष | ने.कांग्रेस | १३ |
| २ | इलाम | विष्णु दाहाल सुब्बा | अध्यक्ष | ने.कांग्रेस | १५ |
| ३ | झापा | मेनुका काफले | अध्यक्ष | एमाले | १६ |
| ४ | तेह्रथुम | शारदा कोइराला | अध्यक्ष | एमाले | ११ |
| ५ | धनकुटा | लिला सुब्बा | अध्यक्ष | ने.कांग्रेस | १० |
| ६ | भोजपुर | सत्यकला राई | अध्यक्ष | एमाले | ११ |
| ७ | सुनसरी | लक्ष्मी गौतम | अध्यक्ष | एमाले | १३ |
| ८ | उदयपुर | सविता तामाङ | अध्यक्ष | कम्युनिष्ट पार्टी | १९ |
| ९ | सप्तरी | आभा सितु सिंह | अध्यक्ष | ने.स.पा | २३ |
| १० | सीराहा | शिभ कुमारी शाह | अध्यक्ष | ने.कांग्रेस | १८ |
| ११ | दोलखा | छोङ्गली शेर्पा | अध्यक्ष | रा.प्र.पा | १२ |
| १२ | रामेछाप | माया कार्की | अध्यक्ष | एमाले | ११ |
| १३ | सिन्धुली | पदम कुमारी घिमिरे | अध्यक्ष | एमाले | १५ |
| १४ | धनुसा | सरस्वती चौधरी | अध्यक्ष | ने.कांग्रेस | १२ |
| १५ | महोत्तरी | गंगा कुमारी राय | अध्यक्ष | ने.स.पा | ९ |
| १६ | सर्लाही | कमला देवी महत्तो | अध्यक्ष | एमाले | १४ |
| १७ | रसुवा | रुपा लामा | अध्यक्ष | कांग्रेस | १२ |
| १८ | नुवाकोट | श्री माया लामा | अध्यक्ष | एमाले | १५ |
| १९ | धादिङ | पार्वती खड्‌ | अध्यक्ष | एमाले | १२ |
| २० | गोरखा | सम्झना देवकोटा | अध्यक्ष | एमाले | १५ |
| २१ | लमजुङ | कमला अधिकारी | अध्यक्ष | एमाले | १५ |
| २२ | तनहुँ | रेखा थापा | अध्यक्ष | एमाले | १३ |
| २३ | कास्की | मीत्र कुमारी गुरुङ | अध्यक्ष | एमाले | १५ |
| २४ | स्याङजा | देवी थापा | अध्यक्ष | एमाले | १५ |
| २५ | नवलपरासी | लक्ष्मी पाण्डे | अध्यक्ष | कांग्रेस | १४ |
| २६ | पाल्पा | गंगा पौड्याल | अध्यक्ष | ने.कांग्रेस | १० |
| २७ | रुपन्देही | पुष्पान्जली उपाध्याय | अध्यक्ष | एमाले | १५ |
| २८ | गुल्मी | विष्णुकुमारी सापकोटा | अध्यक्ष | ने.कांग्रेस | १८ |
| २९ | अर्घखाँची | जल्पा भुसाल | अध्यक्ष | एमाले | १० |
| ३० | कपीलबस्तु | रुकमीनी कुवँर | अध्यक्ष | एमाले | १२ |
| ३१ | परभात | मीना कर्मचार्य | अध्यक्ष | ने.कांग्रेस | ९ |
| ३२ | म्याग्दी | बिजुला बानिया | अध्यक्ष | माओवादि | १२ |
| ३३ | बाग्लुङ | रुपा पुण | अध्यक्ष | कम्युनिष्ट पार्टी | १५ |
| ३४ | प्युथान | शान्ता आचार्य | अध्यक्ष | एमाले | १९ |
| ३५ | रुकुम | देवी वली | अध्यक्ष | एमाले | ११ |
| ३६ | रोल्पा | देव आचार्य | अध्यक्ष | ने.कांग्रेस | ९ |
| ३७ | दाङ | गीता शाह | अध्यक्ष | ने.कांग्रेस | ९ |
| ३८ | सल्यान | शुभद्रा बस्नेत | अध्यक्ष | ने.कांग्रेस | ११ |
| ३९ | बाँके | नारायणी रुपाखेती | अध्यक्ष | ने.कांग्रेस | ११ |
| ४० | जाजरकोट | चिन्ता वाग्ले | अध्यक्ष | ने.कांग्रेस | १३ |
| ४१ | सुरखेत | लक्ष्मी शर्मा | अध्यक्ष | एमाले | १३ |
| ४२ | बर्दीया | अनामिका पन्थी | अध्यक्ष | ने.कांग्रेस | ११ |
| ४३ | दैलेख | सावित्री मल्ल | अध्यक्ष | एमाले | १२ |
| ४४ | जुम्ला | लक्ष्मी कन्या बुढ | अध्यक्ष | माओवादि | ११ |
| ४५ | कालिकोट | बिजया विष्ट | अध्यक्ष | एमाले | |
| ४६ | हुम्ला | लक्ष्मी भण्डारी | अध्यक्ष | माओवादि | |
| ४७ | अछाम | धुर्व कुवँर | अध्यक्ष | एमाले | |
| ४८ | बझाङ | जुना जाग्रे | अध्यक्ष | एमाले | |
| ४९ | डोटि | माया कुवँर | अध्यक्ष | ने.कांग्रेस | |
| ५० | कैलाली | दुर्गा भट्टराई | अध्यक्ष | एमाले | |
| ५१ | बैटडी | सरीता दयाल | अध्यक्ष | एमाले | |
| ५२ | डडेलडुरा | ग्यानु गैरी | अध्यक्ष | एमाले | |
| ५३ | कन्चनपुर | नीरु पाल | अध्यक्ष | एमाले | |




परिशिष्ट २: परामर्श तथा विश्लेषण प्रक्रिया

# महिला हक

१. महिला र पुरुषको समान वंशजको अधिकार हुनुपर्छ ।

२. पैतृक सम्पतिमा महिला पुरुषको समान अधिकार र विवाहितको हकमा अचल सम्पतिमा दम्पतीको समान अधिकार हुनुपर्छ ।

३. राज्यले विशेष गरी विपन्न र पछाडि पारिएका महिलाहरुका लागि स्थानीय, क्षेत्रीय र राज्य तहबाटै १५ प्रतिशत बजेट छुट्याउनु पर्छ ।

४. सबैलाई नि:शुल्क र अनिवार्य शिक्षाको व्यवस्था हुनुपर्छ ।

५. महिलालाई सशक्त बनाउनका लागि नि:शुल्क उच्च शिक्षा र सीप विकास तालिमको व्यवस्था गर्नुपर्छ ।

६. राज्यले समाजलाई नि:शुल्क स्वास्थ्य सुविधा र नि:शुल्क औषधिको व्यवस्था गर्ने जिम्मेवारी लिनुपर्छ ।

७. सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य अधिकारसम्बन्धी सेवा स्वास्थ्य चौकीसम्म पुऱ्याउने जिम्मेवारी राज्यले लिनुपर्छ ।

८. स्रोत र साधनमा महिलाको स्वामित्व, नियन्त्रण र उपभोगमा महिलाको समान अधिकार सुनिश्चित हुनुपर्छ ।

९. महिलाहरुको पहिचान र विविधतालाई स्वीकार गर्दै राज्यका हरेक तह, अङ्ग, संरचना र निकायमा जनसंख्याको आधारमा ५० प्रतिशत सहभागिता/प्रतिनिधित्व सुनिश्चित हुनुपर्छ ।

१०. राजनैतिक दलको हरेक तहको संरचना र संगठनहरुमा पूर्ण समावेशी र समानुपातिक महिला प्रतिनिधित्वको सुनिश्चितता भएको दलले मात्र राष्ट्रिय दलको मान्यता पाउने व्यवस्था हुनुपर्छ ।

११. महिला तथा बालबालिकाविरुद्ध हुने सबै प्रकारका हिंसा, यौनजन्य दुर्व्यवहार, विभेद (जातीय, आर्थिक, क्षेत्रगत, सामाजिक विभेद) भेदभावलाई अपराधको रुपमा परिभाषित गरी दण्डनीय बनाइनु पर्छ र त्यसको अन्त्यका लागि राज्यले अविलम्ब देशव्यापी अभियान सञ्चालन गर्नुपर्छ ।

१२. नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरु अविलम्ब कार्यान्वयन गर्नुपर्छ र त्यसमा विशेष गरेर महिलासँग सम्बन्धित सन्धि सम्झौताहरुलाई अनिवार्य लागु गर्नुपर्छ ।

१३. प्रथाको नाममा रहेका बोक्सी, बालविवाह, अनमेल विवाह, दाइजो प्रथा, छाउपडी, देउकी, वादी, कमलरीजस्ता प्रथाहरु राज्यले यथाशीघ्र अन्त्य गर्नुपर्छ ।

१४. महिलाको घरायसी कामको आर्थिक मूल्याङ्कन गरी राष्ट्रिय उत्पादनमा गणना गरिनु पर्ने र महिलालाई राज्यले पेन्सनको व्यवस्था गर्नुपर्ने ।

१५. एकल तथा अपाङ्गता भएका महिलाहरुका लागि राज्यले आर्थिक तथा सामाजिक सुरक्षा प्रदान गर्नुपर्छ ।

१६. महिलालाई मातृभाषा र स्थानीय भाषामा शिक्षा र सूचना पाउने हकको सुनिश्चित गर्नुपर्छ ।

